# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: २३८९

मिति : २०८३/०३/०२

विषय : गाउँसभाको बैठक सम्बन्धमा ।

श्री उपाध्यक्षज्यू,
श्री सबै गाउँसभा सदस्यज्यूहरु,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ को उपदफा (२) बमोजिम यस बौदीकाली गाउँपालिकाको अध्यक्ष ज्यूद्वारा आव्हान गरिएको सोह्रौं गाउँसभाको बैठक तपसिलको मिति, समय र स्थानमा संलग्न कार्यसूची अनुसार बस्ने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ ।

तपसिल :

मिति : २०८३ साल असार १० गते
समय : विहानको ९:०० बजे
स्थान : बौदीकाली गाउँपालिकाको राभाहल

.................................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौध
प्रमुख प्रशासकीय अधिव

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com ९८५७०४

CamScanner

# सोह्रौं बौदीकाली गाउँसभाका प्रस्तावहरु :

**प्रस्ताव नं. १ :**

बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम गाउँसभा समक्ष पेश सम्बन्धमा ।

**प्रस्ताव नं. २ :**

बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम छलफल गरी पारित गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ३ :**

बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य, आर्थिक विधेयक र विनियोजन विधेयक गाउँसभा समक्ष पेश गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ४ :**

विविध विषयका सम्बन्धमा ।

CamScanner

बौदीकाली गाउँपालिका

सोह्रौं गाउँसभा

<u>कार्यसूची र समय तालिका</u>

ठक संख्या : १

ध्यक्षता : श्री प्रकाश ओझा

बैठक स्थान : बौदीकाली गाउँपालिकाको सभा हल

मिति : २०८३/०३/१० गते

| समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता |
|---|---|---|
| बिहानको १०:०० बजे | सभा शुभारम्भ तथा सम्बोधन | अध्यक्ष श्री प्रकाश ओझा |
| बिहानको १०:१५ बजे | शुभकामना मन्तव्य | सभामा प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलका सदस्य |
| बेहानको १०:४५ बजे | आ.व. २०८३/०८४ को लागि नीति तथा कार्यक्रम पेश | अध्यक्ष श्री प्रकाश ओझा |
| बिहानको ११:३० बजे | आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धी छलफल | सबै सभा सदस्यज्यूहरु |
| दिनको १२:०० बजे | आ.व २०८३/०८४ को बजेट वक्तव्य पेश, आर्थिक विधेयक र विनियोजन विधेयक पेश | उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगर |
| दिनको १:०० बजे | गाउँसभा समापन | अध्यक्ष श्री प्रकाश ओझा |

आज्ञाले,

राकेश कुमार चौधरी

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

आज मिति २०८३ साल असार १० गते विहानको १०:०० बजेको समयमा बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा सुरु भएको बौदीकाली गाउँपालिकाको १६औं गाउँसभाको बैठकमा निम्नानुसारका गाउँसभा सदस्यहरुको उपस्थितिमा तोकिए बमोजिमको कार्यसूची अनुसारका तपसिलका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिम निर्णयहरु गरियो ।

बैठक संख्या : १

| क.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | गाउँपालिका अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | गाउँसभा सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | गाउँसभा सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | गाउँसभा सदस्य |
| ६ | | श्री मन वहादुर सारु | गाउँसभा सदस्य |
| ७ | | श्री खिम वहादुर थापा खरु मगर | गाउँसभा सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | गाउँसभा सदस्य |
| ९ | | श्री डिल वहादुर सार्की | गाउँसभा सदस्य |
| १० | | श्री रविन्द्रराज कण्डेल | गाउँसभा सदस्य |
| ११ | | श्री पदम वहादुर वि.क. | गाउँसभा सदस्य |
| १२ | | श्री बुद्धिराज श्रेष्ठ | गाउँसभा सदस्य |
| १३ | | श्री कुल बहादुर ठाडा मगर | गाउँसभा सदस्य |
| १४ | | श्री देउमाया रुचाल | गाउँसभा सदस्य |
| १५ | | श्री ईन्द्र बहादुर फाल मगर | गाउँसभा सदस्य |
| १६ | | श्री चुन बहादुर विरकट्ठा | गाउँसभा सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| १७ | | श्री तिल बहादुर राना मागर | गाउँसभा सदस्य |
| १८ | | श्री देव बहादुर लुङ्गेली मगर | गाउँसभा सदस्य |
| १९ | कर्ण ब. रिस्मी | श्री कर्ण बहादुर रिश्मी मगर | गाउँसभा सदस्य |
| २० | | श्री कृष्ण प्रसाद मास्की मगर | गाउँसभा सदस्य |
| २१ | खुम माया | श्री खुममाया मल्ल ठकुरी | गाउँसभा सदस्य |
| २२ | तेजमाया | श्री तेजमाया इसमाली गाहा मगर | गाउँसभा सदस्य |
| २३ | | श्री टिकामाया सार्की | गाउँसभा सदस्य |
| २४ | पुनि | श्री पुनिसरा फाल मगर | गाउँसभा सदस्य |
| २५ | उजेली | श्री उजेली झेंडी मगर | गाउँसभा सदस्य |
| २६ | सोमा | श्री सोममाया सार्की | गाउँसभा सदस्य |
| २७ | | श्री ज्ञानीसरा वि.क. | गाउँसभा सदस्य |
| २८ | रुपा | श्री रुपा सुनार | गाउँसभा सदस्य |
| २९ | | श्री एलिशा परियार | गाउँसभा सदस्य |
| ३० | | श्री इनमाया नेपाली | गाउँसभा सदस्य |
| ३१ | संगिता | श्री संगीता परियार | गाउँसभा सदस्य |
| ३२ | | श्री अन्त बहादुर घर्ती | गाउँसभा सदस्य |
| ३३ | | श्री टोपलाल रुचाल | गाउँसभा सदस्य |
| ३४ | | श्री राकेश कुमार चौधरी | सदस्य सचिव/प्र.प्र.अ. |
| **अन्य उपस्थिति** | | | |
| ३५ | | श्री [illegible] श्रेष्ठ | [illegible] |
| ३६ | | श्री शिवराज पाण्डेय | [illegible] अधिकृत |
| ३७ | | जीवलाल भुसाल | शिक्षा अधिकृत |

| | | | |
|---|---|---|---|
| | | मिन कुमार [illegible] | ना.प्र.स्वा.प्रा |
| | | मनोज श्रेष्ठ | ओ.वि.ई |
| | | टेक राज पन्त | सब.ई |
| | | मदन अर्याल | वडा सचिव |
| | | कृष्ण प्रसाद दाहाल | आ.ले.प |
| | | जनक विष्ट | अ.सब.ई |
| | | दीपक मेहता | ,, |
| | | हेमन्त घिमिरे | वडा सचिव |
| | | हिरालाल कार्की | वडा सचिव |
| | | विज्ञान आचार्य | ,, |
| | | लाल चन्द गौडे | स्व.से.अ |
| | | विनोद ति.[illegible] | MIS अपरेटर |
| | | विपिन कण्डेल | कृषि स्नातक |
| | | बुद्ध ब. राना | वडा सचिव |
| | | तेजेन्द्र ब. उप्रेती | ना.प.स्वा.प्रा. |
| | Kamal | कमल कान्त साउ मगर | अ.ई.प. |
| | | सूर्य बहादुर मगर | सा.प्रा.स. |
| | | सुन्दर ओझा | कवि.पा.वि.दे |
| | | मिना ओझा | कि.धि. |
| | Binu | बिन्दु भण्डारी | का.स |
| | सिता | सिता लम्साल | कि.पी. |
| | | जानकी घले | कि.पी. |
| | | मालिक राम कडेल | का.स. (जा.पा.) |
| | | दुर्गा बहादुर [illegible] | फिल्ड सहायक |
| | | तपराज खाँड | प.स्वा.प्रा. |
| | | निरमाया सिंजाली | औ.म.स्वा.सा. |
| | Kafanthi | संगीता कार्की | प.प.स. |
| | | [illegible] पोखरेल | अ.न.मि.मि. |
| | DJ | दिपक कुडुवाल | प्र.वि.अ. |

| | | |
|---|---|---|
| [illegible] | रविन बहादुर साकी | ई. डि. च |
| [illegible] | रश्मी श्रेष्ठ | ना. प्र. स. |
| [illegible] | शिव ओली | प. हे. प्रा |
| [illegible] | गोपाल ब. चितौरे मगर | ह. लि. च. |
| [illegible] | मिन बहादुर [illegible] | का. स. (प्र) |
| [illegible] | बसन्त कुमार यादव | इ. डि. ई |
| [illegible] | डा. विहार खापङ्गोरा | प्रे. अ. |
| [illegible] | पुजा वि. क. | ना. प. सं. प्रा |
| [illegible] | [illegible] पीव बहादुर पुनमगर | क. स. (प्र) |
| [illegible] | सपना कडेल | उ. वि. स |
| [illegible] | गीता नेपाल | स. शिक्षा अधिकृत |
| [illegible] | विर बहादुर विष्ट | अ. हे. व. |
| [illegible] | विजय कुइकेल | सब. ई. |
| [illegible] | दिलिप [illegible] | ई. |
| [illegible] | नारायण खत्री | प्रशासकीय अधिकृत |
| [illegible] | [illegible] कुवर | रोजगार संयोजक |
| [illegible] | पुष्पा तिवारी | कविराज |
| [illegible] | मनोज कोइराला | सचिवालय |

CS CamScanner

# सोह्रौं बौदीकाली गाउँसभाका प्रस्तावहरु :

प्रस्ताव नं. १ :

बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम गाउँसभा समक्ष पेश सम्बन्धमा ।

प्रस्ताव नं. २ :

बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम छलफल गरी पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ :

बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य, आर्थिक विधेयक र विनियोजन विधेयक गाउँसभा समक्ष पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ :

विविध विषयका सम्बन्धमा ।

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## बौदीकाली गाउँसभाको सोह्रौं अधिवेशनको निर्णयहरु

**निर्णय नं. १ :**

आज मिति २०८३/०३/१० गते बिहान १०:०० बजे आव्हान भएको बौदीकाली गाउँ सभाको सोह्रौं अधिवेशनको पहिलो बैठकमा बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझाज्यूले आर्थिक वर्ष २०८३ को वार्षिक नीति तथा ०८४/कार्यक्रम गाउँपालिकाको समग्र विकास, सुशासन, सेवा प्रवाहको प्रभावकारिता, आर्थिक, सामाजिक, पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण तथा समावेशी विकासलाई प्राथमिकतामा राखी तयार गरिएको हुँदा उक्त नीति तथा कार्यक्रम गाउँसभा समक्ष पेश गरी छलफल, सुझाव तथा स्वीकृतिका लागि प्रस्तुत गर्न निर्णय गरियो ।

**निर्णय नं. २ :**

बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझाज्यूले गाउँसभा समक्ष पेश गरेको बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममाथि गाउँसभाका सदस्यहरूवाट विस्तृत छलफल भई प्राप्त सुझाव तथा रायसमेतलाई समेटी उक्त नीति तथा कार्यक्रम सर्वसहमतीले पारित गरियो ।

### बौदीकाली गाउँपालिकाको सोह्रौं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री प्रकाश ओझाज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमहरु

**सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु,**

बौदीकाली गाउँपालिकावासीहरुले अनुमोदन गरेको कार्यकालको चौंथो वर्ष सफलतापूर्वक पूरा गरी पाचौं वर्षमा प्रवेश गर्दा हामी पालिकावासीहरुको अनुहारमा आशा, विश्वास र सकारात्मकताको झल्को देखिरहेका छौं । नेपालको संविधानले स्थानीय सरकारलाई जनताको घरदैलोमा सेवा दिनेगरी स्वायत्त, अधिकार सम्पन्न र उत्तरदायी सरकारको रुपमा परिभाषित गरेको छ । यसै अनुरुप हाम्रो गाउँपालिकाले विगतको वर्षहरुमा स्वशासन, स्वावलम्बन र विकासको नयाँ यात्रा प्रारम्भ सँगै आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासमा उल्लेखनीय प्रगति गर्दै आएको छ ।

यस गरिमामय सभामा उपस्थित भएर यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा हामीलाई निर्वाचित गर्नुहुने बौदीकालीवासी बुवा, आमा, दाजुभाई तथा दिदिबहिनीहरु प्रति उच्च सम्मान प्रकट गर्दछु । साथै संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था प्राप्तिका लागि सहादत प्राप्त ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।



CamScanner

यो नीति तथा कार्यक्रम तयार गर्दा हामीले संघीय लोकतान्त्रिक प्रणालीलाई आत्मसात गर्दै स्थानीय आवश्यकता, जनचाहना, दिगो विकास लक्ष्य, राष्ट्रिय योजना आयोगको मार्गनिर्देशन, प्रदेश सरकारको समन्वय र स्थानीय स्रोत साधनको अधिकतम प्रयोगलाई प्राथमिकतामा राखेका छौं । नयाँ सोंच, नयाँ दृष्टिकोण र नवीन कार्यशैली अवलम्बन गरी जनताको जीवनस्तर उकास्दै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगारी, र सुशासनमा सुधार ल्याउनु हाम्रो मुख्य ध्येय रहेको छ । समय बदलिदैं छ — अब गाउँ विकासका योजना कार्यालयका फाइलमा सिमित रहने होइनन् हरेक बस्ती, टोल, खेतबारी र श्रमिकको पसिनासँग गाँसिएर मूर्त रुप लिनुपर्छ ।

हाम्रो बौदीकाली गाउँपालिका प्रचुर सम्भावनाले भरिपूर्ण छ । यहाँका उर्वर भूमि, खुला आकाश, कालीगण्डकी नदि लगायतका नदिनाला, बनजंगल, धार्मिक स्थल, ऐतिहासिक स्मृति र मेहनती जनशक्ति नै हाम्रा सम्पत्ति हुन् ।यी सम्भावनाहरुलाई परिणाममा बदल्नको लागि योजनाबद्ध लगानी, जनसहभागिता, सर्वपक्षीय सहकार्य, पारदर्शिता र दुरदृष्टि आवश्यक छ ।

मैले विश्वास राखेको छु- विकासको मुख्य धरोहर भनेकै युवा शक्ति हो । यहाँ युवाहरुमा सीप, जोश, जाँगर, प्रविधि अपनाउने क्षमता र देशलाई परिवर्तन गर्ने आँट छ । त्यसैले नीति तथा कार्यक्रममा युवा स्वरोजगार, सीप विकास तालिम, उद्यमशीलता विकास लगायतका विषयहरुलाई प्राथमिकतामा राखिएको छ ।सामाजिक न्याय सहितको उच्च आर्थिक वृद्धिका लागि सबल र दिगो भौतिक पूर्वाधार, सूचना प्रविधिको उच्चतम प्रयोग र सबै क्षेत्रमा समयानुकूल नवप्रवर्तन अति जरुरी छ । त्यस्तै महिला शसक्तीकरण, दलित तथा विपन्न वर्गको जीवन सुधार, अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाका लागी सम्मानजनक जीवन प्रत्याभूत गर्न हामी कटिबद्ध छौं।

हामीलाई थाहा छ- शिक्षित मानव संशाधन विना कुनै पनि विकास सम्भव छैन। तसर्थ विद्यालय स्तरोन्नति, डिजिटल शिक्षण, छात्रवृत्ति, शिक्षालय भौतिक सुधारमा विशेष महत्व दिईएको छ ।
स्वस्थ जिवन जिउने हरेक नागरिकको मौलिक हक हो — यो चेतना सँगै नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच स्थापित गराउन विभिन्न कार्यक्रम तयार गरिनेछ।

कृषि हाम्रो क्षेत्रको आय आर्जनको सम्भावना बोकेको क्षेत्र भएको र जिविकोपार्जनसँग समेत प्रत्यक्ष रुपमा जोडिएको विषय भएको हुँदा कृषिलाई व्यावसायिक बनाउन नीति तथा कार्यक्रमले विशेष जोड दिइएको छ ।

संघीयता कार्यान्वयन भएतापनि वित्तीय संघीयताले मूर्त रुप नपाइसकेको वर्तमान परिप्रेक्ष्यमा गाउँपालिकाको आन्तरिक स्रोत, संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान अपर्याप्त छन् । यद्यपी

स्थानीय स्रोतको अधिकतम परिचालन, स्रोतको कुशलतम विनियोजन, कर प्रणालीमा सुधार, उद्यमशीलता एवं पर्यटन प्रवर्द्धन मार्फत आन्तरिक आय वृद्धि गर्ने नीति लिइएको छ ।

नेपाल सरकारले लिएको "समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्यलाई प्राप्त गर्न यस गाउँपालिकाले पनि गाउँपालिकाबासीको सुख र समृद्धिको लागि सडक पूर्वाधार, कृषि तथा पशु क्षेत्रको उत्पादन वृद्धि, स्वास्थ्य क्षेत्रको प्रभावकारी सेवा, शिक्षामा गुणस्तर सुधार, सामाजिक क्षेत्रमा भावनात्मक सम्बन्ध वृद्धि जस्ता प्रयासले गाउँपालिकाको समग्र विकासको मार्ग चित्र तयार पारिएको छ। यस सँगै हामीले पर्यटनलाई स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारशीलाको रुपमा विकास गरी स्वदेशी एवं विदेशी पर्यटन प्रवर्द्धन गरी बौदीकाली गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने संकल्प लिएका छौं । विकास र समृद्धिका लागि गाउँपालिकाको प्रयास यिनै कार्यहरु सम्पादन गर्न तल्लीन रहेको कुरा म यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

हामीहरुसँग जन-चाहना पूरा गरी नागरिक सन्तुष्टि हासिल गर्न सर्वपक्षीय अवसरहरु रहेका छन् । जस्तै, प्राकृतिक स्रोत साधनको समृद्धि, कृषिमा आधुनिकीकरणको सम्भावना, स्थानीय ऐतिहासिक, धार्मिक, प्राकृतिक स्थलहरुको संरक्षण तथा प्रवर्द्धन मार्फत स्थानीय पर्यटन विकास, होमस्टे कार्यक्रम, साहसिक पर्यटनको सम्भावना, स्वरोजगार तथा उद्यमशीलता विकासका लागि विभिन्न सरकारी योजना, संघ र प्रदेश सरकारको विशेष अनुदान कार्यक्रम, शिक्षा र स्वास्थ्य क्षेत्र सुधारोन्मुख, डिजिटल साक्षरता सहितका युवा जनशक्ति, विकास योजना तथा कार्यक्रममा नागरिक संलग्नता र सरोकारमा वृद्धि, स्थानीय कला, संकृति तथा परम्परागत सीप, स्वदेश तथा वैदेशिक रोजगारीबाट सीप सिकेका युवा जनशक्ति।

यिनै अवसर सँगै तराईको जिल्लामा अवस्थित पहाडी क्षेत्र भएकाले हामी बिच चुनौती पनि प्रशस्तै छन्।

आन्तरिक राजश्व संकलनको कमजोर अवस्था, संघ र प्रदेश सरकारको अनुदानमा आधारित विकास कार्यक्रम, आधारभूत पूर्वाधारकै कमजोर अवस्था, न्यून भौतिक सुविधा, बेरोजगारी, बसाइसराई, वैदेशिक रोजगारमा निर्भरता, प्राकृतिक प्रकोपको जोखिम, सीमित आर्थिक क्षमता, सामाजिक विविधता र समावेशीताको चुनौती, वित्तीय अनुशासन र बजेट कार्यान्वयन चुनौती, कृषि उत्पादनमा परनिर्भरता, जलवायु परिवर्तन तथा पर्यावरणीय समस्या, भौगोलिक विकटता, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गुणस्तर अभाव, बालविवाह लगायतको सामाजिक विकृति, दलित, महिला तथा सिमान्तकृत समुदायको मूलप्रवाहीकरणमा चुनौती, आकस्मिक विपद व्यवस्थापन संरचना र पूर्वाधारको अभाव आदी इत्यादी।

अवसर भन्दा चुनौतीको भार ज्यादा भएतापनि गाउँपालिकाको समृद्धिका लागि उपलब्ध अवसरहरुको अधिकतम सदुपयोग गरी चुनौती सामना गर्न हामी प्रतिबद्ध छौं ।



CamScanner

आर्थिक वर्षका नीति तथा कार्यक्रम तयार गर्न मैले नेपालको संविधान, स्थानीय सरकारका नीति तथा कार्यक्रम तर्जुमा गर्न तयार गरीएका प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय तहका नीति, योजना र लक्ष्य, निर्वाचन घोषणा पत्रका साथै हामी निर्वाचित भएर हालसम्म स्थानीय सरकार सञ्चालन गर्दा प्राप्त गरेका अनुभव तथा सिकाईहरुलाई मुख्य आधारको रुपमा लिएको छु ।

यो गरिमामय सभामा उपस्थित भएर बोल्दै गर्दा म गर्वका साथ भन्छु- प्रस्तुत नीति तथा कार्यक्रम बौदीकाली गाउँपालिकाको किसान, मजदुर, शिक्षक, युवा, महिला , अपाङ्ग, बालबालिका , जेष्ठ नागरिक, व्यापारी र हाम्रो गाउँको समृद्धि प्रतिको दृढ प्रतिबद्धताको प्रतिक हो ।यही आशा, यही सपना र यही प्रतिबद्धता सहित " खानेपानी, कृषि, पर्यटन र पूर्वाधार : बौदीकाली विकासको मूल आधार " भन्ने नारा सहित यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

सभाका सदस्यज्यूहरु,

आ.व. २०८३/८४ मा प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण र सुशासन तथा संस्थागत विकासमा केन्द्रित हुनेछन् ।

आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम विषयगत समितिको सिफारिसमा प्रस्तुत गर्ने प्रयास गरीएको छ । यस सभामा आउने सकारात्मक सुझावहरुलाई यस नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी संशोधन सहित यो नीति तथा कार्यक्रम यस गरीमामय सभावाट पारित हुनेछ भन्ने आशाका साथ म यस सभामा आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अब म आर्थिक वर्ष २०८३/०८४ को दीर्घकालीन सोच, उद्देश्य, नीति तथा कार्यक्रमको बारेमा संक्षिप्त उल्लेख गर्न चाहन्छु।

**गाउँपालिकाको दीर्घकालीन सोंच :**

"खानेपानी, कृषि, पर्यटन र पूर्वाधार : बौदीकाली विकासको मूल आधार" भन्ने मूल नाराका साथ विकासका सवै भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक विकास एवं मानवीय क्षमता विकास गरी समृद्ध आधुनिक र सुन्दर गाउँपालिका बनाउँदै सुशासन, गरिबी निवारण एवं रोजगारीको सुनिश्चिततामा योगदान पुर्‍याउने।



CamScanner

उद्देश्य

जनसहभागिता सहितको दीगो विकास र विकासका प्रतिफलहरुको समन्यायिक वितरण गरी गाउँपालिकामा रहेको विद्यमान बेरोजगारी, बहुआयामिक गरिबी र असमानता घटाई सामाजिक, आर्थिक रुपान्तरण गर्ने।

आर्थिक वर्ष २०८३/०८४ का प्राथमिकता क्षेत्र :

- गाउँपालिकामा भित्र हुने उत्पादनलाई आधुनिकीकरण गरी कृषि उत्पादनलाई व्यावसायिक तवरले सञ्चालन गर्ने वातावरणको सिर्जना गर्ने।
- गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको पहिचान गरी देश विदेशमा प्रचार प्रसारको माध्यमबाट पर्यटन क्षेत्रमा आमूल परिवर्तन ल्याउने।
- कृषियोग्य बाँझो जमिनलाई उपयोग गर्ने।
- शैक्षिक संस्थाहरुमा रहेका विभिन्न समस्याहरुको समाधान गरी शैक्षिक गुणस्तरमा सुधार गर्ने।
- मानवीय पक्षका विभिन्न समस्याहरुको अध्ययन गरी रोजगारीका अवसरहरुको सिर्जना गर्ने।
- यस गाउँपालिकामा रहेको भूमि सम्बन्धी समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्ने।
- साना तथा मझौला उद्योगहरुको उत्पादनबाट गाउँपालिकालाई आत्म निर्भर गराउने।
- यस आर्थिक वर्ष देखि अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह, संस्थाको सम्पूर्ण जानकारी जनताले देखिने गरी उपलब्ध गराउने।
- अन्तरपालिका समन्वयको लागि आवश्यक कार्यक्रम संचालन गर्ने।
- विद्यार्थीको लागि सीप सप्ताह संचालन गर्ने।
- योजना कार्यान्वयन निर्देशिका तयार गरी सोही अनुसार योजना कार्यान्वयन गर्ने।
- दूध एवं पशुजन्य उत्पादन वृद्धि गरी बजारीकरण गर्ने।
- सबै जातिहरुको भाषा, कला तथा संस्कृति संरक्षण र प्रवर्द्धमा विशेष जोड दिने। मगर जातिहरुको बाहुल्यता भएको क्षेत्रमा मगर संग्रहालयको स्थापना गर्ने।
- उपभोक्ता समितिलाई सहजताको लागि वडा प्राविधिकलाई पूर्ण जिम्मेवार बनाउने।
- भ्रष्टाचाररहित, चुस्त, सहज, सक्षम, उत्तरदायी, जिम्मेवार कर्मचारी सहितको सेवा प्रवाह गरी सुशासन कायम गर्ने।
- खुल्ला सडक कायम गरिने साथै शीतलताको लागि तोकिएका क्षेत्रमा छहारीजन्य बिरुवा वृक्षारोपण गर्ने।
- सबै प्रकारका भेदभाव, कुरिति, सुसंस्कार र सामाजिक विकृतिको अन्त्य गर्ने।



CamScanner

- किशोरी आत्मरक्षाका लागि आवश्यक नीति बनाई कार्यान्वयन गर्ने।
- घरनक्सा पास सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने।
- मसलाजन्य पदार्थको उत्पादनमा जोड दिने नीति लिने।
- उत्कृष्ट विद्यालय, उत्कृष्ट समाज, उत्कृष्ट टोल निर्माणमा काम गर्ने।
- लोपोन्मुख परम्परागत प्रविधिहरुको संरक्षण गर्ने।
- आत्मनिर्भर उन्मुख गाउँपालिका बनाउनका लागि आम्दानीका स्रोतहरुको पहिचान, उचित उपभोग गरिने, करका दर न्यूनतम राखी दायरा फराकिलो बनाउने।
- सामाजिक विकासको लागि बुद्धिजीवी परिषद् निर्माण गरी कार्यान्वयन गर्ने।
- सामाजिक उत्तरदायित्व अभिवृद्धिका लागि सामाजिक परिचालन र जागरण गर्ने।
- विकास निर्माण गर्दा भविष्यका पिढीको अधिकारको रक्षा हुने गरी दीगोपनामा ध्यान दिने।

माथि प्रस्तुत गरिएका प्राथमिकताहरूको कार्यान्वयन गर्न हामी सामु तपसिल अनुसारका विभिन्न चुनौतीहरु रहेको मैले महसुस गरेको छु।

- कृषिको क्षेत्रमा रहेका विभिन्न आधुनिक प्रविधि प्रयोग गरी गाउँपालिकामा गरिने कृषिका कार्यहरुमा कृषकको रुची र अपनत्व वृद्धि गर्ने।
- आर्थिक सामाजिक क्षेत्रको विकासलाई जनताको रोजाइमा पारी भौतिक विकास र मानवीय विकासलाई सँगसँगै लैजाने वातावरणको सिर्जना गर्ने।
- गाउँपालिकाका युवाहरुलाई गाउँपालिका भित्रै रोजगारीमा आकर्षित गरी वैदेशिक रोजगारीमा जान रोक्ने। वैदेशिक रोजगारीबाट सीप सिकी फर्केका युवाहरुलाई गाउँपालिकामा उचित रोजगारी वा स्वरोजगारीका अवसरहरु सिर्जना गरी निजको सीपको प्रयोग गरी विकासमा लगाउने।
- गाउँपालिकामा रहेका विभिन्न आम्दानीका स्रोतहरुलाई प्रयोग गरी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने।
- टुक्रे योजना एवं अनुत्पादक क्षेत्रमा लगानी घटाउँदै लैजाने।

गाउँसभाका सदस्यज्यूहरु,

यस अवधिमा हामीले अवलम्बन गरेका नीतिहरु, सञ्चालन गरेका विकास निर्माण, कला संस्कृति र सम्पदाको संरक्षण, सेवा प्रवाह र सुशासनका क्षेत्रमा गरेका प्रयास तथा उपलब्धिहरु मध्ये मुख्य मुख्य विषय र क्षेत्रहरुको बारेमा संक्षेपमा प्रकाश पार्न चाहन्छु:-

**यस अवधिमा हासिल भएका उल्लेख्य उपलब्धिहरू:**

- गाउँपालिकाको विकास र समृद्धिको यात्रामा दिगो पूर्वाधार निर्माणलाई प्राथमिकता दिँदै प्रमुख सडकहरूलाई बाह्रै महिना चल्ने (All Weather Road) बनाउने उद्देश्य अनुरूप उल्लेख्य प्रगति हासिल भएका छन् ।
- हालसम्म स्थानीय प्रयासबाट २.७ कि.मी. सडक कालोपत्रे, **३ कि.मी. ढलान, र ७.५ कि. मि ग्राभेल** सडक निर्माण कार्य सम्पन्न भएको छ। सिंहटारी-अकलादेवी सडक कालोपत्रे गर्ने काम सम्पन्न भएको छ । पुरानो नरम जारेभञ्ज्याङ सडक ट्र्याक ओपनको कार्य सम्पन्न् गरिएको छ ।
- **ईल्दीखोला मोटरेवल पुलको** शिलन्यास भई निर्माण कार्य प्रारम्भ भएको छ। साथै, **चुवार्दी खोला बेलीब्रिज** निर्माण कार्य अगाडि बढाइएको छ। गाउँपालिकाको आफ्नै नवनिर्मित प्रशासनिक भवन र सवै वडा कार्यालयका आफ्नै भवनहरू निर्माण भई सहज रूपमा सेवा प्रवाह भइरहेको छ। साथै विभिन्न सामुदायिक भवनहरूको निर्माण कार्य समेत सम्पन्न भइसकेको छ । राष्ट्रिय विद्युत प्रसारण लाइनलाई सवै वडामा विस्तार गरी विद्युत जडान गरिएको छ।
- विद्यालयहरूमा **ICT Lab** र **Science Lab** को स्थापना, होमवर्क सेन्टर सञ्चालन, छात्रवृत्ति वितरण, र अतिरिक्त कक्षाहरू सञ्चालन गरिएका छन्। यसै प्रयासका कारण माध्यमिक शिक्षा परीक्षा (**SEE**) को नतिजामा गुणात्मक सुधार आएको छ । स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी **स्थानीय पाठ्यक्रम** निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। युवा तथा विद्यार्थीहरूको खेल प्रतिभा प्रवर्द्धनका लागि 'राष्ट्रपति रनिङ शिल्ड' र 'अध्यक्ष कप' प्रतियोगिताहरू सफलतापूर्वक सम्पन्न गरिएका छन्।
- **रकुवा प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको आधारभूत अस्पतालमा रूपान्तरण गरी व्यवस्थित** गरिएको छ। स्वास्थ्य सेवालाई सुलभ बनाउन एम्बुलेन्स खरिद गरी प्रभावकारी परिचालन गरिएको छ। 'सुत्केरी यातायात' र '**सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम**' मार्फत मातृ-शिशु स्वास्थ्यलाई प्राथमिकता दिइएको छ। प्रविधिको उच्चतम प्रयोग गर्दै **AI (कृत्रिम बुद्धिमत्ता) मा आधारित**

छाती रोग परीक्षण सेवा सुरु गरिएको छ। साथै, आँखा तथा ज्येष्ठ नागरिक स्वास्थ्य शिविर र योग कक्षाहरू सञ्चालन गरिएका छन् ।

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई नागरिकको घरदैलो (वडामै) पुगेर वितरण गर्ने व्यवस्था मिलाइएको छ। एकल पुरुष लक्षित कार्यक्रम, विपन्न घर परिवारका लागि आवास निर्माण र विपद् प्रभावित परिवारहरूलाई जस्तापाता वितरण कार्य सम्पन्न गरिएको छ।

- कृषकसँगको सहकार्यमा दुग्धजन्य पदार्थ उत्पादन, गोरु सुधार, र उन्नत जातका पशु तथा घाँसे बीउ वितरण गरिएको छ। च्याउ र मसला बाली प्रवर्द्धनका साथै साना सिँचाई र कृषि यान्त्रिकीकरणका कार्यक्रमहरू सम्पन्न गरिएका छ। दुग्दजन्य उत्पादन र उत्पादकत्व वृद्धिका लागि कृषक प्रोत्साहन सहित अनुदान र कर्जा कार्यक्रम बनाई सफल कार्यान्वयन गरिएको छ।

- शान्ति सुरक्षाका लागि मुख्य क्षेत्रहरूमा सी.सी. टिभी जडान कार्यलाई थप गरी थप व्यवस्थित गरिएको छ । गाउँपालिकाको कार्यप्रणालीलाई सुरक्षित, पारदर्शी र आधुनिक बनाउन केन्द्रदेखि सबै वडा कार्यालयहरूमा क्रमशः CCTV र Wired Internet प्रणाली जडान गरी नेटवर्कमा आवद्ध गरिएको छ ।

- गाउँपालिकाले संस्थागत क्षमता र शुसासनको क्षेत्रमा व्यवस्थित कार्ययोजना कार्यन्वयन मार्फत गाउपालिकाको बेरुजु अधिकतम फछ्यौंट गरी अघिल्लो आ.व. मा कम बेरुजु हुने पालिकाहरुमा गण्डकी प्रदेशमै उत्कृष्ठ (गण्डकी प्रदेशमै आठौं) स्थान प्राप्त गरेको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

आगामी आ.व. २०८३/०८४ को बजेट निर्माणका लागि यस गाउँपालिकाले विभिन्न सरोकारवालाहरुको सुझाव संकलन गर्ने कार्य सम्पन्न गरी प्राप्त सुझावहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिएको छ। यस गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको समेत सिफारिसमा यस वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ। यस सभामा आउने सकारात्मक सुझावहरुलाई यस नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी संशोधन सहित यो नीति तथा कार्यक्रम यस गरीमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ म यस सभामा आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

# आर्थिक विकास

## कृषि तथा पशु सेवा

१. कृषिको माध्यामबाट आय आर्जन एवंम् स्वरोजगार विकासको लागि विशेष प्राथमिकता दिइनेछ। कृषि उत्पादनलाई व्यावसायिकीकरण गरी रोजगारी सिर्जना गर्ने तर्फ जोड दिइनेछ। कृषि उपजको सहज र सुरक्षित भण्डारणको लागि चिस्यान केन्द्र निर्माण गरिनेछ।

२. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । भुमिको अपर्याप्तताको कारण कृषिकार्यमा जोडिन इच्छा भएर पनि नसकेका कृषकहरुलाई भूमि बैंकको व्यवस्था गरी सहुलियत दरमा जग्गा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ। उत्पादनमा आधारित कृषि/पशु कार्यक्रम, कृषि ऋणमा व्याज अनुदानका कार्यक्रम संचालन गरिनेछ ।निशुल्क माटो परीक्षण कार्यका लागि गाउँपालिकामा स्थापना भएको मिनि माटो प्रयोगशालालाई व्यवस्थित गरी सबै कृषको पहुंच स्थापित गराईनेछ ।

३. दुग्धजन्य वस्तुहरुको विकास र ब्रान्डीङ गरी बौदीकाली गाउँपालिकालाई दुग्धजन्य वस्तुहरुको उत्पादनको केन्द्रको रुपमा विकास गरिनेछ ।उत्पादनमा अनुदान र कृषि ऋणमा व्याज अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ । गाउँपालिकाभित्र उत्पादन हुने कृषि तथा पशुजन्य उत्पादनलाई वजारको पहुँचमा पुर्‍याउन निःशुल्क कृषि एम्बुलेन्स (ढुवानी सेवा) कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४. कृषि तथा पशुजन्य वस्तुहरुको उत्पादनमा वृद्धि गर्न कृषि/पशु विकास, दुग्ध उत्पादन सहकारीको प्रवर्द्धन र विकासलाई प्राथमिकता दिइनेछ ।उत्कृष्ट कृषक सम्मान तथा प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।कृषि मेला तथा प्रदर्शनीहरु आयोजनामा सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरिनेछ । साथै विद्यालयहरु सँगको सहकार्यमा सिकाई केन्द्र साथै कृषि खेती कार्यक्रम सञ्चालन गरिनेछ।

५. जैविक विविधताको प्रवर्द्धन र संरक्षण गर्दै जलवायु परिवर्तन अनुकूल प्रविधिहरुको विकास गरी कृषिजन्य उत्पादनमा प्राङ्गारिक/रैथाने बालीको खेतीलाई प्रोत्साहन गरिनेछ। साथै यस पालिका भित्र उत्पादन भएका कृषि तथा पशुजन्य उत्पादन/सामाग्री बिक्री वितरणमा सहयोग पुर्याउन कोशेली घर स्थापना गरिनेछ।गाउँपालिकाभित्र रहेका कृषक/कृषि समूह/सहकारी र फर्मलाई कृषि यान्त्रिकरण वा अन्य सामाग्रीहरु, बीउबिजन, घाँस उत्पादन गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराईनेछ। घाँस नर्सरी तथा अन्य बिरुवा नर्सरी स्थापनामा जोड दिईनेछ।



CamScanner

६. नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी बनाउन उन्नत जातका बोका, राँगो, बीर (बंगुर) समूह/सहकारी/फर्मलाई वितरण गर्नुका साथै कृत्रिम गर्भाधान गराउने कार्यको सुरुवात गरिनेछ।

७. पशु स्वास्थ्य घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ। जनचेतनामूलक कार्यक्रम संचालन तथा गाउँपालिकामा आधारभूत भेटेरिनरी प्रयोगशाला संचालनमा ल्याइनेछ। पशु/कृषि बिमा गर्ने समूह वा संस्थालाई प्रोत्साहन गरिनेछ।

सहकारी

८. स्थानीय सहकारीहरुसँग प्रवर्द्धनात्मक कार्यमा सहकार्य गर्दै मूल्य शृंखलामा काम गर्ने सहकारीहरुको (कृषि तथा उत्पादनमुखी) विकास एवं प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

९. उद्यमशीलता विकासका लागि गाउँपालिकाभित्र स्थानीय स्रोत, साधन र सीपको परिचालन गरिनेछ ।स्थानीय स्तरमा सञ्चालित सहकारी तथा वित्तीय संस्थासँगको सहकार्यमा उद्यमीहरुको लागि सहुलियत कर्जा कार्यक्रम साझेदारीमा सञ्चालन गरी रोजगार प्रवर्द्धन गर्न आवश्यक कार्य गरिनेछ।

१०. गाउँपालिकामा सञ्चालित तथा सूचीकृत सहकारीहरुको अनुगमन गरी सहकारी व्यवस्थापन तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। सबै सहकारीहरुलाई कोपो मिसमा आवद्ध गरी नियमित अनुगमनको व्यवस्था मिलाईनेछ।

उद्योग व्यापार पर्यटन तथा रोजगार

११. गाउँपालिकामा स्थापना भएको उद्योगग्रामलाई सञ्चालनमा ल्याउन न्यूनतम पूर्वाधार निर्माण गरीनेछ । उद्योगि तथा व्यवसायीहरुलाई उद्योगग्राम क्षेत्रभित्र उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१२. स्वयमसेवा कार्यक्रम मार्फत विकासका कार्यक्रमहरुमा स्थानीय समुदायको सहभागितामा बृद्धि गर्ने कार्यमा प्राथमिकता दिईनेछ। नागरिकहरुमा सकारात्मक सोच अभिवृद्धि तथा नागरिक जिम्मेवारी बोध गराउनका लागि संस्कार पाठशाला कार्यक्रमलाई समुदायस्तरमा पुर्याउन आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

१३. पर्यटन क्षेत्रको विकासको लागि गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका घरबास (Home Stay) हरुको प्रचारप्रसारका साथै प्रभावकारी व्यवस्थापनमा जोड दिइनेछ ।

१४. आन्तरिक रोजगारी प्रवर्द्धनका लागि स्थानीय तहबाट उपलब्ध हुने रोजगारीको अवसरहरूको बारेमा सूचना प्रवाह गरी सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा पहुँच वृद्धि गरिनेछ। जनशक्ति प्रक्षेपण, विकास एवं व्यवस्थापन गर्दै नेपाल सरकारको आधिकारीक जब प्रोभाईडिङ Platform 'श्रम संसार' प्रणाली मार्फत रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच समन्वय तथा रोजगार मेलमिलाप (Job Matching) सेवा सञ्चालन गरिनेछ।

१५. राष्ट्रिय रोजगार आयोजना तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि म्याचिङ रकम एवंम् लागत साझेदारी गरिनेछ। गाउँपालिकामा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउनका लागि सार्वजनिक पूर्वाधार निर्माणका कार्यहरुमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिई सामाजिक सुरक्षाको प्रत्याभूति गराईनेछ।

१६. रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशिलता प्रवर्द्धन केन्द्रको रुपमा परिमार्जन गर्दै पालिकास्तरबाट सन्चालित हुने मागमा आधारीत सीप, तालिम, उद्यमशिलता तथा आन्तरिक रोजगारी सिर्जना सम्बन्धी काम एकिकृत रुपमा यसै केन्द्र मार्फत संचालन गरिनेछ। यसका लागि गाउँपालिकाभित्र रहेका बेरोजगार तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको वडा तहबाट तथ्याङ्क सङ्कलन, दर्ता, डिजिटल अभिलेखीकरण र अद्यावधिक गर्दै नियमित अनुगमन गरिनेछ।

१७. आन्तरिक रोजगारी प्रर्वद्धन गर्न र रोजगारीमा पहुँच बढाउन श्रम बजारको आवश्यकता अनुसार आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार, युवा, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई सिप मुलक व्यवसायिक तालिम तथा पुनःसिप (Re-skilling) कार्यक्रम संचालन गरिनेछ। सीप भएका तथा सीप प्रमाणिकरणको आधिकारिक कागजात नभएका व्यक्तिहरुको निःशुल्क सीप परिक्षण गर्दै दक्ष कामदारको उत्पादन तथा नक्सांकन गरिनेछ ।

१८. आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ। सामी परियोजनाद्वारा सञ्चालन हुने मनोसामाजिक परामर्श र वित्तीय साक्षरता कार्यकमलाई थप वैज्ञानिक र प्रभावकारी तुल्याई निरन्तरता दिइनेछ। वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई सहजीकरण गरिनेछ र



CamScanner

वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने आर्थिक, कानुनि सहायता, छात्रवृत्ति, समस्यामा परेका युवाहरुलाई उद्धार र क्षतिपुर्ति लगायत सहायता कार्यक्रममा सहजीकरण गरिनेछ। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका तर वैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायता नपाउने परिवारका छोरा छोरीहरुलाई माध्यमिक तहसम्मको शिक्षालाई निरन्तरता दिनको लागि आर्थिक सहायता प्रदान गर्ने नीति लिइनेछ ।

१९. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप, अनुभव र माग अनुसार रोजगार सूचना, करियर काउन्सिलिङ र सामाजिक तथा आर्थिक पुनःएकीकरण गर्न सहजीकरण गरिनेछ। स्थानीय स्तरमा स्वरोजगार तथा रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरी उनीहरूको पहुँच सुनिश्चित गरिनेछ। उद्यम स्थापना गर्न सहुलियत ऋण एवम् सीप तालिम लगायतका सहयोग प्रदान गर्नुका साथै सुरक्षित् मर्यादित तथा उत्पादनशिल रोजगारीको प्रवर्धन गर्न निजि क्षेत्र, सहकारी, संघ तथा प्रदेश सरकारसँग समन्वय तथा लागत साझेदारी गरिनेछ।

# सामाजिक विकास

**शिक्षा**



CamScanner

१. शैक्षिक गुणस्तर सुदृढीकरणका लागि शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि (TPD) लाई मुख्य प्राथमिकता दिइनेछ। परम्परागत र सैद्धान्तिक तालिम ढाँचालाई परिमार्जन गरी विद्यालयमै आधारित व्यावहारिक कार्यशाला, कार्यमूलक अनुसन्धान (Action Research) र समकक्षी सिकाई (Peer Learning) लाई प्रोत्साहन गरिनेछ।

२. "अङ्क मात्र होइन आधार, मूल्याङ्कनको कसि अब व्यावहारिक सुधार " भन्ने नारालाई प्राथमिकतामा राख्दै सिकाइ व्यवहारमा रूपान्तरण भए/नभएको मापन गर्न मूल्यांकन प्रणालीमा व्यापक सुधार गरिनेछ। विद्यालय तथा शिक्षकहरूलाई विद्यार्थीको व्यवहार परिवर्तनकोलागि जिम्मेवार बनाइनेछ । विज्ञान, गणित र सामाजिक अध्ययन जस्ता विषयहरूको सिकाईलाई कक्षाकोठा बाहिरको समाजसँग जोड्न "परियोजनामा आधारित सिकाई" (PBL) लाई शिक्षण विधिको अनिवार्य हिस्सा बनाइनेछ।

३. विद्यालयको समग्र विकास र शैक्षिक सुशासनमा स्थानीय समुदायको अपनत्व बढाउन 'हाम्रो विद्यालय, हाम्रो जिम्मेवारी' अभियान अन्तर्गत विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक संघ (PTA) लाई उत्तरदायी र क्षमतावान् बनाइनेछ। प्रत्येक त्रैमासिकमा अनिवार्य रूपमा 'अभिभावक-शिक्षक अन्तर्क्रिया तथा विद्यार्थी प्रगति समीक्षा दिवस' आयोजना गर्ने व्यवस्था मिलाइनेछ। विद्यालयको प्रशासनिक र आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक सुनुवाइमा अभिभावकहरूको अर्थपूर्ण सहभागिता गराईनेछ।

४. किशोरीहरूको नियमित उपस्थिति र स्वास्थ्य रक्षाका लागि विद्यालयहरूमा वातावरणमैत्री सेनेटरी प्याडको निरन्तर उपलब्धता, उचित विसर्जन सयंन्त्र, र महिनावारी स्वच्छता सम्बन्धी सचेतना कार्यक्रम हरूलाई प्रभावकारी बनाइनेछ। विद्यार्थी हरूको मानसिक तनाव न्यूनिकरणका लागि मनोसामाजिक परामर्श (Counseling) सेवाको प्रारम्भ गरिनेछ।

५. गाउँपालिका क्षेत्र भित्र स्थापना भएका एवंम् हुने प्राविधिक शिक्षालयहरुको विकासमा टेवा पुर्याइनेछ । मेरै गाउँमा मेरै प्राविधिक कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ

। गाउँपालिका भित्रका सबै वडाका विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि प्राविधिक शिक्षाको छात्रवृति व्यवस्था मिलाइनेछ ।

६. विषयगत शिक्षक समुह गठन गरी प्रभावकारी परिचालन गरिनेछ ।शिक्षकहरु विच सिकाइ अनुभव आदान प्रदान गरी शिक्षक नेटवर्किङ प्रणालीलाई प्रभावकारी बनाउने नीतिलाई निरन्तरता दिइनेछ।शिक्षक तथा विद्यार्थीहरुलाई खोज, अनुसन्धान तथा नवपर्वतनको लागि उत्प्रेरीत गर्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा एकीकृत गर्दै विद्यालयमा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने व्यवस्था गरिनेछ।

८. नेतृत्व सबलीकरण तथा अभिभावकको अपनत्व सिर्जना गर्दै सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणका लागि सरोकारवालाहरूको सक्रिय सहभागितामा अल्पकालीन तथा दीर्घकालीन लक्ष्य किटान गरी सार्वजनिक शिक्षा प्रणाली सबलीकरण अभियान सञ्चालन गरिनेछ। शिक्षक सहयोग प्रणालीको विकास गरी शिक्षकको पेसागत विकास,विद्यालय सुपरिवेक्षण तथा अनुगमनलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

९. गाउँपालिका भित्र एउटा विद्यालयलाई सुविधा सम्पन्न Big School को रुपमा अगाडी बढाइ अभिभावक तथा विद्यार्थीको रोजाइको विद्यालयको रुपमा विकास गरिनेछ । भौगोलिक दुरी वढी र न्युन विद्यार्थी भएका विद्यालयहरुलाई समयोजन गरी आवासिय विद्यालयको विकास गरिनेछ । भौगोलिक अवस्था, विपन्नता, वा अपाङ्गताका कारण बालबालिकाहरू बीचमै विद्यालय छोड्ने(Drop-out) प्रवृत्तिको अन्त्य गर्न लक्षित सीमान्तकृत समदुाय र अपाङ्गता भएका विद्यार्थीका लागि विशेष "यातायात/आवास तथा शैक्षिक सामग्री छात्रवत्ति" को व्यवस्था गरिनेछ।

१०. कक्षा ८ को वार्षिक परीक्षालाई गाउँपालिका स्तरमा सञ्चालन गरी प्रमाणिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।अन्य कक्षाका परीक्षाहरु समेत पालिका भित्र एकरुपता कायम गरी नि:शुल्क रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।विद्यालयहरुको स्तरीकरण गरिनुका साथै विद्यार्थीहरुको सिकाइ उपलब्धिको परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

११. शिक्षा शाखा र विद्यालयका प्र.अ विद्यालयका प्र.अ र विषयगत शिक्षकहरु बिच कार्य सम्पादन करार सम्झौता गरी विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय पक्षलाई प्रभावकारी बनाइनेछ । आगामी २०८५ साल सम्मलाई शैक्षिक गुणस्तर सुधार वर्षको रुपमा लिई शैक्षिक सुधारका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न नियमित रुपमा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सहित विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित बनाइनेछ ।

१३. विद्यार्थीहरुलाई प्रकृतिसँग जोड्न र वातावरणीय चेतना अभिवृद्धि गर्न पालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा एक विद्यालय, एक हरित उद्यान कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय हाताभित्र वृक्षारोपण, बगैंचा निर्माण र स्थानीय जडीबुटी उद्यान स्थापना गरिनेछ ।

१४. अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयनमा जोड दिइनेछ । विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई विद्यालय शिक्षामा आवद्ध गर्न आवश्यक व्यवस्था गरिनेछ । सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरी अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालनको लागि सक्षम बनाइनेछ ।विभिन्न प्रकारका आपतकालिन अवस्थामा समेत सिकाइलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाइनेछ । विविध कारणबाट हुने शैक्षिक क्षतिको आपुरण गर्ने प्रवन्ध गरिनेछ ।

१५. प्रारम्भिक बालविकास सहजकर्ता, विधालय कर्मचारी, विद्यालय सहयोगी तथा सामुदायिक सिकाइ केन्द्रमा कार्यरत सामुदायिक परिचालकहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**युवा तथा खेलकुद**

१. युवाहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।विभिन्न क्षेत्रमा सक्रिय भई बौधीकाली गाउँपालिकालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा चिनाउन सफल युवाहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

२. बौदीकाली गाउँपालिकाको पहिचानको रुपमा विकास भएको भलिबल खेलको विकासमा जोड दिइनेछ । यस क्षेत्र भित्र खेल्न सकिने अन्य खेलहरुको सम्भावना खोजी गरी विकास र संरक्षणको लागि प्रभावकारी व्यवस्था मिलाइनेछ ।

३. अध्यक्षकप खेलकुद प्रतियोगितालाई व्यवस्थित र परिस्कृत गर्दै बौदीकाली खेल महोत्सवको रुपमा अगाडी बढाइएकोमा यस कार्यलाई निरन्तरता दिईनेछ।

४. एक वडा एक खेलमैदानको नीति लिई प्रत्येक वडाहरुमा भौगोलिक अवस्था अनुसारका खेलमैदान निर्माण गर्ने लक्ष्य लिइनेछ ।गाउँपालिकाको उपयुक्त स्थानमा आधुनिक सुविधा सम्पन्न कभर्ड हल निर्माण गरिनेछ ।

५. "सक्षम युवा, समृद्ध समाज: स्वस्थ नागरिक, सवल पालिका" भन्ने मूल भावनाका साथ युवा तथा खेलकुद क्षेत्रको समग्र विकासमा जोड दिइनेछ। स्वस्थ जीवनशैलीको प्रवर्द्धनका लागि खेलकुद, योग, व्यायाम तथा मनोरञ्जनात्मक गतिविधिहरूलाई प्रोत्साहन गरिनेछ। सार्वजनिक-निजी साझेदारी तथा विभिन्न निकायसँगको समन्वयमा युवा तथा खेलकुद क्षेत्रको विकासलाई थप प्रभावकारी वनाइनेछ।

**खानेपानी व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाईः**

१. गुणस्तरीय खानेपानीमा सबैको सर्वसुलभ पहुँच पुर्याउन एक घर एक धारा निर्माण गर्ने नीति लिइनेछ ।पानीका मुहान संरक्षणको व्यवस्था मिलाइनेछ ।खानेपानी उपभोक्ता समितिलाई थप सक्रिय र व्यवस्थित बनाउदै पालिकास्तिरय उपभोक्ता सञ्जाल गठन गरी प्रभावकारी कार्यसञ्चालनको व्यवस्था मिलाईनेछ ।

**लैंगिक समानता तथा सामाजिक सुरक्षा सम्वन्धी (लैंगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक)**

१. बौदीकाली गाउँपालिकालाई बालमैत्री स्थानीय तहको रुपमा विकास गर्न बालमैत्री स्थानीय शासन घोषणा गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिकास्तरीय बाल सञ्जाल गठन गरी क्षमता विकास तथा नैतिक शिक्षाको समेत विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।



CamScanner

२. महिला हिंसा, महिला शोषण तथा उत्पिडनका बिरुद्व जनचेतना जगाइ नियन्त्रणको लागि विशेष व्यवस्था गरिनेछ । महिला हिंसा बिरुद्वको १६ दिने अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । महिला अधिकारको संरक्षण र प्रर्वद्वन तथा महिला शसक्तिकरणको लागि स्थानीय संघ संस्था आमा समुहहरु परिचालन गरिनेछ ।

३. महिला तथा बालबालिकाको संवैधानिक तथा कानुनी अधिकारको संरक्षण, प्रवर्द्धन र सुनिश्चिततामा विशेष जोड दिइनेछ। महिला सशक्तीकरणका लागि सीपमुलक तालिम, नेतृत्व विकास तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. "सुरक्षित बालबालिका, सशक्त महिला; समृद्ध र सभ्य समाजको आधार" भन्ने मूल मान्यताका साथ महिला तथा बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिइनेछ। विभिन्न टोलहरुमा गठन भएका आमा समुहरुलाई गाउँपालिकामा सूचीकृत गरीनेछ । आमा समुहहरुको पालिकास्तरिय सञ्जाल गठन गरी सामाजिक कार्यमा परिचालन गर्ने नीति लिईनेछ ।

५. महिला, बालबालिका, जेष्ठ नागरिक तथा जोखिममा परेका व्यक्तिहरुको संरक्षणका लागि आवश्यक उद्धार, पुनःस्थापना, परामर्श तथा मनोसामाजिक सहयोग सेवा उपलब्ध गराइनेछ।

६. महिला, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, धार्मिक समुदाय, जनजाती, बालबालिका, आदिबासी, एकल महिला लगायतका वर्ग र समुदायहरुको विकासको मूलप्रवाहमा पहुँच पुर्याउन क्षमता विकास, आयआर्जन, सशक्तिकरण, अधिकार संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ ।

७. समुदायस्तरमा रहेका विभिन्न प्रकारका भवनहरुलाई जेष्ठ नागरिक दिवा सेवा केन्द्रको रुपमा विकास गरी जेष्ठ नागरिकको ज्ञान, सीप तथा अनुभवहरु नयाँ पुस्तामा हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

**गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमनः**

१. गाउँपालिका भित्र सेवा प्रवाह गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाको कार्य सम्पादनलाई मर्यादित, व्यवस्थित तथा समन्वयकारी बनाउन गाउँपालिकामा NGO Desk को स्थापना गरी क्रियाशिल बनाइनेछ । गैर सरकारी सँस्थाहरुले गर्ने कार्यलाई थप व्यवस्थित



CamScanner

वनाउन गैर सरकारी संस्था परिचालन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२. यस गाउँपालिका भित्र कार्यक्षेत्र राखी क्रियाशिल रहेका गैरसरकारी संस्थाहरुले यस गाउँपालिका भित्र परिचालन गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक कार्यक्रम भित्र समावेश गर्ने कार्यको सुरुवात गरिनेछ ।

## स्वास्थ्य तथा पोषण

३. 'रोकथाम उपचारभन्दा प्रभावकारी हुन्छ' भन्ने मान्यतालाई आत्मसात् गर्दै स्वास्थ्य प्रवर्द्धनात्मक तथा रोग रोकथामसम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइनेछ। बौदीकाली आधारभूत अस्पतालमा विशेषज्ञ सहितको स्वास्थ्य सेवा उपलब्ध गराउने गरी क्षमता विकास गरिनेछ ।महामारीको रुपमा आउने रोगहरुवाट तत्काल गाउँपालिकावासीलाई बचाउन दुर्त प्रतिकार्य टोली (RRT) परिचालन गरी स्वास्थ्य शिक्षाका माध्यमवाट रोकथाम तथा प्रतिकार्यका उपायहरुलाई जनस्तरसम्म पुर्याइनेछ ।

४. स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, उपकरण, औषधि तथा जनशक्तिको व्यवस्थापन र सुदृढीकरण गरिनेछ। मातृ तथा शिशु स्वास्थ्य सुधारलाई प्राथमिकता दिँदै सुरक्षित मातृत्व, नियमित गर्भ परीक्षण, संस्थागत सुत्केरी तथा नवजात शिशु स्वास्थ्य सेवाको प्रभावकारी सञ्चालन गरिनेछ।

५. गाउँपालिका भित्र रहेका सुत्केरी आमा तथा बच्चाको पोषण सुधार गरी निजहरुलाई पोषण सुधारमा अभिप्रेरित गर्न सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

६. जटिल प्रकारका प्रसुतीलाई उच्च अस्पतालहरुमा रिफर गर्नु परेमा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ। "स्वस्थ नागरिक, समृद्ध समाज" भन्ने मूल उद्देश्यका साथ स्वास्थ्य सेवाको गुणस्तर, पहुँच र प्रभावकारिता अभिवृद्धि गरिनेछ।

७. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य स्वयं सेविकाहरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिनेछ । यसको लागि कार्यसम्पादनको मूल्यांकन गर्दै प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

८. आयुर्वेदिक चिकित्सा पद्दतिको अभ्यास, योग तथा ध्यान शिविर संचालनमा सहयोग पुर्याइनेछ । गाउँपालिका भित्र आयुर्वेदको पूर्वाधार विकास गर्दै आयुर्वेधिक औषधिहरुको नियमित वितरणको व्यवस्था मिलाइनेछ ।

९. गाउँपालिका भित्रका सबै नागरिक तथा परिवारलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गराउनका लागि प्रोत्साहन गरिनेछ । दीर्घ रोगी एवं जेष्ठ नागरिकहरुको स्वास्थ उपचार घर घरमा गई गर्ने कार्यलाई निरन्तरता दिईनेछ। गाउँपालिका भित्र सञ्चालनमा रहेका औषधी पसलहरुको नियमित अनुगमन तथा नियमन गरिनेछ ।

१०. सुनौलो हजार दिनका महिला (गर्भवती तथा सुत्केरी) ५ वर्ष मुनिका बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन संघीय सरकारसँगको साझेदारीमा विगत वर्ष देखि सञ्चालित बहु क्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै पोषण मैत्री कार्यक्रमहरुलाई सबै शाखाहरुका कार्यहरुमा मूल प्रवाहिकरण गर्दै लगिनेछ ।

११. बहुक्षेत्रीय पोषण योजना तेस्रो (MSNP- III) तथा पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्दै गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन स्वास्थ्य, कृषि, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा सामाजिक विकास क्षेत्रवीच समन्वय र सहकार्यमा आधारित कार्यक्रम संचालन गरिनेछ। पोषण सम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट सुनिश्चित गरी पोषणयुक्त, स्वस्थ र समृद्ध पालिका निर्माण गरिनेछ ।

**भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा**

१२. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस, स्थानीय मौलिक संस्कृति, भेषभुषा संरक्षण एवं प्रवर्धन गर्न र उक्त दिवसहरुमा नैतिक शिक्षा, योग साधनाको महत्व सान्दर्भिकताका विषयमा चेतना जगाउने र जनसहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृतिको संरक्षण तथा संवर्धन गर्दै लगिनेछ ।



CamScanner

१३. बौदीकाली गाउँपालिका भित्रका ऐतिहासिक सांस्कृतिक पुरातात्विक तथा सार्वजनिक सम्पदाहरुको प्रचार- प्रसार गरी विकास, संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ । गाउँपालिका भित्र उपयुक्त स्थान छनोट गरी संस्कृति संग्रहालयको स्थापना तथा विकास गरिनेछ ।

# पूर्वाधार विकास

१. हाल सञ्चालनमा रहेका सडकहरूको स्तरोन्नति, ग्राभेल तथा कालोपत्रे गरी All Weather Road निर्माणलाई प्राथमिकता दिईनेछ । सबै वडा कार्यालयदेखि गाउँपालिका केन्द्रसम्मको पहुँच सडकलाई क्रमशः स्तरोन्नति गर्दै लगिनेछ । कृषि उत्पादन तथा सेवा पहुँचलाई ध्यानमा राखी आवश्यक स्थानमा मात्र कृषि सडक पहिचान गरी योजनाबद्ध रूपमा विस्तार गरिनेछ।

२. गाउँपालिकाभित्र निर्माण तथा सञ्चालनमा रहेका सडकहरूको अभिलेखीकरण, वर्गीकरण तथा सडक लगत कट्टा (Road Right of Way/Asset Regularization) प्रक्रिया सुरुवात गरी सडक व्यवस्थापनलाई व्यवस्थित गरिनेछ । सडक निर्माणसँगै नाली, संरक्षण संरचना तथा जलनिकास सहित नियमित सडक मर्मत कार्यक्रम सञ्चालन गरी सडक सम्पत्तिको संरक्षण गर्ने व्यवस्था मिलाइनेछ।

३. गाउँपालिकाको दीर्घकालीन विकासमा प्रभाव पार्ने बहुवर्षीय तथा गौरवशाली योजनाहरूलाई प्राथमिकता दिईनेछ ।समानुपातिक, सन्तुलित तथा आवश्यकतामा आधारित विकास सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ। आमा समूह तथा अन्य संघ—संस्थाका भवन निर्माणमा प्रत्यक्ष बजेट विनियोजनलाई निरुत्साहित गर्दै उपलब्ध स्रोतलाई सार्वजनिक सेवा संरचनामा केन्द्रित गर्ने नीति लिईनेछ ।

४. वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय लगायतका सार्वजनिक संरचनाको निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकता दिईनेछ । मर्मत आवश्यक रहेका भवन तथा संरचनाहरू पहिचान गरी नियमित मर्मत कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयमा आवश्यकताअनुसार सभाहल निर्माण तथा बहुउद्देश्यीय शैक्षिक संरचना विकासमा जोड दिईनेछ ।



CamScanner

५. जनताको जीवनस्तर उठ्नेसाधन र ,स्थानीय बासिन्दाको सहकार्य जुट्ने र स्थानीय स्रोत , दिगो विकास र वातावरण संरक्षण तथा संवर्द्धनमा सघाउ पुग्ने आयोजना ,सीपको प्रयोग हुने तथा कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।

६. ड्रोन, GIS तथा डिजिटल प्रविधिको प्रयोगमार्फत विकास आयोजनाको अनुगमन तथा अभिलेखीकरण गर्ने व्यवस्था मिलाईनेछ ।गाउँपालिकाको पहिचान प्रवर्द्धनका लागि प्रत्येक गाउँका विकास गतिविधि, पर्यटकीय सम्भावना तथा सामाजिक अवस्थाको फोटो तथा भिडियो अभिलेख तयार गरी डिजिटल माध्यमबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाईनेछ । योजनाहरू समयमै सम्झौता तथा कार्य प्रारम्भ गरी कम्तीमा २०८३ चैत्र मसान्तभित्र सम्पन्न गर्ने गरी कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न Civil Lab स्थापना तथा सामग्री परीक्षण प्रणाली विकास गरिनेछ ।

७. सार्वजनिक निर्माणको कार्यमा योजना छनौट देखि, लागत अनुमानयोजना कार्यान्वयन तथा , सबै जनसमुदाय तथा सरोकारवाला ,महिला ,योजना सम्पन्न हुने हरेक चरणमा जनप्रतिनिधि पक्षको प्रत्यक्ष सहभागिता हुने गरी काम गर्नेनीतिलाई निरन्तरता दिईनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१. वन र जैविक विविधताको संरक्षण तथा विकासलाई उच्च प्राथमिकता दिँदै वृक्षारोपण, वन विविधिकरण र बहुउपयोगमार्फत वातावरणीय जोखिम न्यूनीकरण गरिनेछ। सामुदायिक वनको व्यवस्थापनमा सुधार ल्याउन गाउँपालिकास्तरीय समिति गठन गरी विकास आयोजनाहरूमा साझेदारी गरिनेछ। वन क्षेत्रलाई कृषि तथा पर्या-पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रमहरूसँग आबद्ध गरी कार्यान्वयन गरिनेछ।

२. गाउँपालिकालाई स्वच्छ र हरियाली बनाउन वृक्षारोपणलाई अभियानको रूपमा सञ्चालन गरिनेछ। महाभारत क्षेत्रमा गुराँस लगायतका रैथाने प्रजाति र पहिरोग्रस्त क्षेत्रमा भू-क्षय रोक्ने अम्रिसो जस्ता आयमूलक बिरुवाहरूको रोपण गरी पर्या-पर्यटन र आयआर्जनलाई सँगसँगै अगाडि बढाइनेछ। सडक सौन्दर्यकरण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

३. विकास निर्माणका कार्यलाई वातावरण-मैत्री बनाउन संक्षिप्त वातावरणीय अध्ययन (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को आधारमा आयोजना कार्यान्वयन गर्ने परिपाटीको सुरुवात गरिनेछ। वातावरणीय सन्तुलनका लागि गाउँपालिका क्षेत्रभित्र प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिका क्षेत्रभित्र संकलित फोहोरको वर्गीकरण, पुनःउपयोग र पुनःचक्रण (Recycling) गरिनेछ। संकलित फोहोरको दिगो व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको पहिचान र विकास गरी उचित किसिमले फोहोर व्यवस्थापन गरिनेछ।

४. विपद् व्यवस्थापन कार्यलाई व्यवस्थित बनाउन "बौदीकाली विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना" निर्माण गरी कार्यान्वयन गरिनेछ। प्राकृतिक प्रकोपको सम्भाव्यता अध्ययन गरी विपद् जोखिम नक्साङ्कन गरिनेछ। विपद् प्रभावितहरूको तत्काल उद्धार, राहत र पुनस्थापनाका लागि विपद् व्यवस्थापन कोषमा पर्याप्त बजेट विनियोजन गरिनेछ।विपद् प्रतिकार्य तथा उद्धारमा स्थानीय स्वयंसेवक परिचालन गर्न स्वयंसेवक छनौट तथा आवश्यक क्षमता विकास सम्बन्धी तालीमहरु सञ्चालन गरिनेछ ।

५. आपतकालीन समयमा सूचना व्यवस्थापन, खोज-उद्धार तथा राहत वितरणलाई प्रभावकारी बनाउन स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) को सुदृढीकरण गरिनेछ। सरोकारवाला निकायसँगको समन्वयमा आकस्मिक हवाई उद्धारका लागि हेलिप्याड निर्माण कार्यलाई प्राथमिकता दिइनेछ र 'आपतकालीन सम्पर्क सूची' आम नागरिकको पहुँचमा पुर्‍याइनेछ।

६. विपन्न बस्तीहरूमा 'सुरक्षित नागरिक आवास कार्यक्रम' सञ्चालन गरिनेछ। गाउँपालिका क्षेत्रभित्र रहेका जोखिमयुक्त घरहरूको तथ्याङ्क सङ्कलन गरी जस्तापाता वितरणमार्फत 'जोखिमयुक्त घर रहित गाउँपालिका' बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

७. भू-क्षय र नदी कटानको जोखिम भएका क्षेत्रहरूमा वृक्षारोपण, जैविक इन्जिनियरिङ (Bio-Engineering) र तटबन्धका माध्यमबाट भू-संरक्षण गरिनेछ। वर्षातको समयमा हुने डुबान कम गर्न वातावरणीय अध्ययनका आधारमा नदीजन्य पदार्थ उत्खनन गरी खोला एकीकृत (River

Channelization) गरिनेछ। गाउँपालिकाभित्रको नदीजन्य पदार्थको उत्खनन, अन्वेषण, ढुवानी तथा बिक्री-वितरणलाई व्यवस्थित गरिनेछ।

८. गाउँपालिकाभित्रका लोपोन्मुख वन्यजन्तुको संरक्षणका लागि जनचेतना अभिवृद्धि गरिनेछ। अवैध रूपमा हुने वन्यजन्तु चोरी-शिकारी तथा नदीहरूमा करेन्ट र विषादी प्रयोग गरी माछा र जलचर मार्ने कार्यलाई नियन्त्रण गर्न आवश्यक स्थानीय कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

# सुशासन तथा संस्थागत विकास

**स्थानीय सुरक्षा र नगर प्रहरी व्यवस्थापन**

- गाउँपालिका क्षेत्रभित्रका सरकारी, सार्वजनिक एवं सामुदायिक सम्पत्तिको संरक्षण, स्थानीय स्तरमा हुने मेला, जात्रा, चाडपर्व तथा सभा-समारोहको सुरक्षा स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख, सरसफाइ प्रवर्द्धन, न्यायिक समितिको निर्णय कार्यान्वयन, सार्वजनिक जग्गाको अतिक्रमण

नियन्त्रण, छाडा पशुचौपाया व्यवस्थापनका साथै विपद् व्यवस्थापन (खोज, उद्धार, राहत र पुनर्स्थापना) लगायतका कार्यहरुमा सहयोग पुर्याउन गाउँपालिकामा नगर प्रहरी नियुक्त गरी परिचालन गरिनेछ ।

- स्थानीय सेवा व्यवस्थापन तथा मानव संसाधन विकास

- प्रदेश कानुनको अधिनमा रही गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई छिटो, छरितो र सुलभ बनाउन आवश्यक जनशक्तिको उचित व्यवस्थापन, पदस्थापना र वृत्तिविकासको सुनिश्चितता गरिनेछ।

- गाउँपालिका र मातहतका कार्यालयहरूमा सेवा लिन आउने सेवाग्राहीहरूलाई सहजता प्रदान गर्न र सेवा प्रवाहको मार्गचित्र बुझाउनलाई सुरुवात गरिएको "नागरिक सहायता कक्ष (Citizen Help Desk)" लाई थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च बनाउन र सार्वजनिक सेवालाई नतिजामूखी बनाउन कार्यसम्पादनमा आधारित "दण्ड र पुरस्कार प्रणाली" लाई अभ्यासमा ल्याइनेछ । जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## सूचना प्रविधि, डिजिटल सुशासन र संस्थागत क्षमता विकास

- गाउँपालिकाको कार्यप्रक्रिया र योजना कार्यान्वयनको वस्तुनिष्ठ लेखाजोखा गर्न आवधिक समीक्षा संयन्त्रको विकास गरिनेछ।

- अनलाइन नागरिकता सिफारिस प्रणाली (CCMIS) लाई थप प्रभावकारी, सुरक्षित र सेवाग्राहीमैत्री बनाई सञ्चालन गरिनेछ ।

- गाउँपालिकामा सुरुवात गरिएको "अनलाइन दर्ता चलानी प्रणाली" र "अनलाइन सिफारिस प्रणाली" लाई वडा कार्यालय र मातहतका सबै शाखाहरूमा पूर्ण रूपमा लागु गर्दै चिठ्ठीपत्र, सामाग्री र संस्थागत अभिलेख व्यवस्थापनलाई डिजिटल, सुरक्षित र पेपरलेस (Paperless) बनाइने कार्यलाई प्राथमिकता दिइनेछ।



CamScanner

- सेवाग्राहीलाई डिजिटल माध्यमबाट सेवा र प्रक्रियाबारे जानकारी दिन गाउँपालिका तथा मातहतका सबै कार्यालय परिसरमा "डिजिटल नागरिक वडापत्र (Digital Citizen Charter)" स्थापना गरिनेछ।

**सदाचार प्रवर्द्धन, गुनासो व्यवस्थापन र नागरिक सहभागिता**

- नागरिकले अनुभूती गर्न सक्ने स्तरको सुशासन कायम गर्न कार्यालय र सेवाग्राहीबीच सुमधुर अन्तरसम्बन्ध स्थापना गरिनेछ। नागरिकका गुनासाहरूलाई तत्काल सुन्ने र सम्बोधन गर्नका लागि "हेलो गाउँपालिका" हटलाइन तथा डिजिटल गुनासो पेटिका व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- कार्यालयको दैनिक कामकारवाहीलाई खुला, पारदर्शी र जवाफदेही बनाइनेछ। भ्रष्टाचार र अनियमितताप्रति "शून्य सहनशीलता (Zero Tolerance)" को नीति लिईनेछ । गाउँपालिकाका हरेक ठूला विकास योजना र नीति निर्माणमा स्थानीय नागरिक, बुद्धिजीवी र सरोकारवालाहरूको सहभागिता र परामर्श लिने परिपाटीको विकास गरिनेछ ।

**वित्तीय पारदर्शिता र उत्तरदायित्व**

- स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले उपलब्ध सार्वजनिक स्रोत र साधनको प्रभावकारी, पारदर्शी र न्यायोचित परिचालन गर्दै सेवाको गुणस्तर सुनिश्चित गरिनेछ। जवाफदेहीताको प्रवर्द्धनका लागि प्रत्येक चौमासिकमा गाउँपालिकास्तरीय सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिनेछ। साथै, प्रत्येक महिनाको आय-व्ययको विवरण महिना समाप्त भएको एक हप्ताभित्र सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।

- गाउँपालिकाका सूचना, सूचनामूलक सन्देश, निर्णय र अनुरोधहरू गाउँपालिकाबासी समक्ष द्रुत गतिमा पुऱ्याउन आधिकारिक वेबसाइट, मोबाइल एप र सामाजिक सञ्जालहरूलाई सक्रिय, बनाइनेछ।

- स्थानीय बजार व्यवस्थापन र उपभोक्ता हित संरक्षण

- बौदीकाली गाउँपालिका भित्र उत्पादित स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासीलाई सहज बनाइनेछ ।स्थानीय बजारलाई प्रवर्द्धन गरी व्यवस्थित गराउन उद्योग वाणिज्य संघ लगायतका सरोकारवाला संघ-संस्थाहरूसँग सहकार्य गरिनेछ।

- स्थानीय बजारहरुको अनुगमन कार्यलाई नियमित, सघन र प्रभावकारी बनाईनेछ। गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यापारिक फर्महरूको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन प्रणालीलाई कानुनी दायराभित्र ल्याई व्यवस्थित गराइनेछ।

सभाका सदस्यहरू,

अन्त्यमा, यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सबै वडा अध्यक्षहरु, गाउँकार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, सम्पूर्ण विषयगत समिति सदस्यहरु, सकारात्मक सल्लाह र सुझाव दिनुहुने विभिन्न संघ संस्था र बौदीकालीमा क्रियाशील पार्टीहरुका प्रमुख तथा प्रतिनिधिहरु, समग्र बौदीकाली निवासी बुवाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्छु।

धन्यवाद !

मिति २०८३/०३/१० गते
ने.सं. ११४६ तछलाथ्व

प्रकाश ओझा
अध्यक्ष

**निर्णय नं. ३ :**

आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य, आर्थिक विधेयक तथा विनियोजन विधेयक तयार गरी उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगरज्यूबाट गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो।

## बौदीकाली गाउँपालिकाको सोह्रौं गाउँ सभामा
## गाउँपालिका उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगरले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

आदरणीय गाउँसभा अध्यक्षज्यू,
सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,

१. बौदीकाली गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गाउँपालिकाको सोह्रौं गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गरिरहँदा गौरव महशुस गरेको छु । यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउन योगदान गरी बौदीकाली गाउँपालिकालाई आफ्नो सीमाभित्र रहेका विकास निर्माण लगायतका क्षेत्रहरुमा रहेर बजेट निर्माण गर्न कानूनी आधार उपलब्ध गराउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा यस गाउँपालिकालाई यो अवस्थासम्म ल्याउन योगदान गर्नुहुने अग्रज महान् गाउँपालिकाबासी नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

२. संघीयताको कार्यान्वयनसँगै राज्य पुर्नसंरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कार्यान्वयन भैरहेको छ । जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट बौदीकाली गाउँपालिकावासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । गाउँपालिकाको कार्य सम्पादनबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशीला यस गाउँपालिकामा पनि तयार भएको छ ।

३. बौदीकाली गाउँपालिकाले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको फलस्वरुप समृद्ध गाउँपालिका, सुखी गाउँपालिकावासीको आकांक्षा हासिल गर्ने दिशामा यो गाउँपालिका दृढताका साथ अघि बढेको छ । यस क्रममा सामाजिक न्यायको प्रत्याभूति सहितको जनउत्तरदायी गाउँपालिका र सभ्य सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्रको दिशामा समृद्ध अर्थतन्त्र निर्माणका लागि यो गाउँपालिका प्रतिवद्ध छ ।

४. विगतमा गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिकाभित्र धेरै परिवर्तनका संकेतहरु देखिएका छन्। गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रम मार्फत गाउँपालिकावासीहरुले आफ्नो आय स्तर बढाउने, नकारात्मक कार्यहरुमा खबरदारी गर्ने, समाज सुधारको बाटोमा आफूलाई समाहित गर्ने, गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको अवस्थामा क्रमिक सुधार हुँदै आएको छ ।

५. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण र पूनर्निर्माण कार्यमा तीव्रता आएको छ । विकासमा जनताको चासो तथा गुनासाका खबरदारीहरु देखा पर्न थालेका छन् । समग्रमा चालु



CamScanner

आर्थिक वर्षमा समग्र विकासको अवधारणा अनुसार गाउँपालिकाका विभिन्न विकासका सम्भावनाहरुमा लगानी बढाइएको थियो जसको कार्यान्वयन अपेक्षित रुपमा भैरहेको अवस्था देखिएको छ । गाउँपालिकाभित्र जनताले प्रत्यक्ष अनुभव गर्ने खालका कार्यक्रमहरु सञ्चालन भएका छन जसको कार्यान्वयनले सबै गाउँपालिकाबासीहरु लाभान्वित हुनुहुन्छ भन्ने मैले अपेक्षा गरेको छु ।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष हासिल भएका उपलब्धिहरुलाई विशेष ध्यान दिंदै गाउँपालिकाबासीका आर्थिक र सामाजिक हित वृद्धि गर्न पहल गरेको छु । गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी र जनताको पहुँचसम्म पुऱ्याउन विभिन्न खालका कार्यक्रमहरु सञ्चालन गर्न विशेष जोड दिएको छु। गाउँपालिकाले लिएका दीर्घकालीन योजना तथा गुरुयोजना अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रयास पनि यस आर्थिक वर्षको बजेटमा सम्बोधन गर्ने प्रयास गरिएको छ।

७. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, संघीय सरकारबाट प्राप्त मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाको नीति तथा कार्यक्रम र विभिन्न संघ संस्था एवम् विद्वतवर्गहिरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई विशेष ध्यान दिएको छु ।

८. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म संघीय सरकारबाट समानीकरण अनुदान तर्फ रु. ५ करोड ३८ लाख ७८ हजार ९ सय ५०, सशर्त अनुदान चालु तर्फ रु.१७ करोड ८६ लाख १० हजार, सशर्त अनुदान पूंजीगत तर्फ रु. १ करोड ७५ लाख, संघीय सरकार समपूरक अनुदान पुँजीगत तर्फ रु. ७६ लाख ४६ हजार ६ सय ९३ गरी जम्मा रु. २५ करोड ७६ लाख ३५ हजार ६ सय ४३ प्राप्त भएको छ । यसै गरी गण्डकी प्रदेश सरकारबाट समानीकरण अनुदान तर्फ रु. ९२ लाख ९७ हजार, समपूरक अनुदान पूंजीगत तर्फ रु. ५३ लाख ५२ हजार १ सय ८३ र विशेष अनुदान पुँजीगत तर्फ रु. ९ लाख ४३ हजार ३ सय ६ गरी जम्मा रु.१ करोड ५५ लाख ९२ हजार ४ सय ८९ प्राप्त भएको छ । संघीय सरकारको राजस्व बाँडफाँडबाट जम्मा ५.५ करोड २७ लाख ३३ हजार ५ सय १०, प्रदेश सरकार राजस्व बाँडफाँड ४८ लाख ६२ हजार २ सय ८७ गरी जम्मा रु. ५ करोड ७५ लाख ९५ हजार ७ सय ९७, गाउँपालिकाको आन्तरिक श्रोतबाट जम्मा रु. ४१ लाख १४ हजार ९ सय ८४ रुपैया प्राप्त भै २०८३ जेठ मसान्तसम्मको यथार्थ आम्दानी रु. ३३ करोड ४९ लाख ३८ हजार ९ सय १३ रुपैया भएको छ ।

९. माथि प्रस्तुत गरिएंको आम्दानीबाट २०८३ जेठ मसान्तसम्म चालु तर्फ जम्मा रु. १९ करोड ६५ लाख ३३ हजार ४३ र पुँजीगत खर्च तर्फ जम्मा रु. ५ करोड २४ लाख ९४ हजार ९

सय ३० खर्च भै जम्मा रु. २४ करोड ९० लाख २७ हजार ९ सय ७३ यथार्थ खर्च भएको अवस्था रहेको छ ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेटका उद्देश्यहरुः

क) गाउँपालिकावासीका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै जीवनस्तरमा सुधार ल्याउने,

ख) उपलब्ध स्रोत साधनहरुको समन्यायिक वितरण तथा उच्चतम प्रयोग गर्दै सामाजिक न्यायको प्रत्याभूति गराउने,

ग) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधारको दिगो विकास गरी तिव्र बसाइसराइको समस्या कम गरी गाउँपालिकामा बस्ने वातावरणको निर्माण गर्ने,

घ) गाउँपालिकावासीहरुलाई गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको प्रत्याभूति दिलाउने,

ङ) कृषि तथा पशुपालनबाट गाउँपालिकालाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने,

च) गाउँपालिकाभित्र पर्यटकीय हिसावले महत्वपूर्ण रहेका स्थलहरुको पहिचान गरी पर्यटन विकास गर्ने,

छ) विद्यमान असमानताको अन्त्य गर्दै उत्पीडित वर्गको उत्थान गर्ने, कुरीति, कुप्रथा र सामाजिक विचलनको अन्त्य गर्ने।

१०. बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहायअनुसारका नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेको छु ।

देहाय :

क) गरिबीको अन्त्य गर्न पिछडिएका क्षेत्र, वर्ग र समुदायको उपयुक्त तरिकाले उत्थान गर्दै सामाजिक सुरक्षाको विस्तार सहित कल्याणकारी व्यवस्थाको निर्माण,

ख) उत्पादनमा वृद्धि, कृषिमा आधुनिकीकरण र विभिन्न सरोकारवालाहरुको सहकार्यमा पूँजी निर्माणको माध्यमबाट रोजगारी सिर्जना र आयवृद्धि,

ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, उद्योग, पर्यटन लगायतको विकास साथै रणनैतिक महत्वका भौतिक पूर्वाधार संरचनाको विकास तथा निर्माण र अधुरा आयोजनाहरुको कार्यान्वयन,

घ) कानूनी राज्यको मान्यता अनुरुप विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत गाउँपालिकाबासीलाई अनुभूति हुने सुशासन प्रवर्द्धन,

ङ) संघ, प्रदेश र गाउँपालिकाबीच समन्वय र सहकार्य मार्फत सन्तुलित विकास,

च) उपलब्ध स्रोत-साधन, अवसर र जिम्मेवारीको उच्चतम उपयोग गर्न गाउँपालिका, सहकारी र निजी क्षेत्रबीच सहकार्य, र

छ) गाउँपालिकाका सबै वडाहरुमा संघीय सरकारका राजस्व बाँडफाँडका मुख्य सूचकहरु जनसंख्या र क्षेत्रफलको आधारमा बजेट विनियोजन ।

सभाध्यक्ष महोदय,

११. अब म चालु आर्थिक वर्षमा यस गाउँपालिकाले सम्पन्न गरेका विभिन्न महत्वपूर्ण कार्यक्रमहरुको चर्चा गर्न चाहन्छु ।

१२. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको संरचनागत तथा प्रणालीगत सुधारका लागि स्थानीय शिक्षा ऐनमा व्यवस्था भएको कानुनी प्रावधान अनुरुप विद्यालयको शैक्षिक प्रशासन व्यवस्थापन गरिएको छ ।

१३. गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापन गराई रहनु भएका प्रधानाध्यापक तथा शिक्षकहरुको सिकाइ क्षमता वृद्धि, सिकाइमा नवीनतम प्रविधिको प्रयोग तथा सकारात्मक परिवर्तनका कार्यक्रमहरु सञ्चालन गरी निजहरुको व्यक्तित्व विकासका कार्यक्रमहरुको शुरुवात गरिएको छ ।

१४. महिनाबारीको समयमा विद्यालय जान नसक्ने विद्यार्थीहरुको समस्यालाई मध्यनजर गरी गाउँपालिकाका सबै विद्यालयहरुमा सेनेटरी प्याडको उपलब्धता बढाइएको छ ।

१५. कृषि, पशु र महिला तथा बालबालिकाका कार्यक्रमहरु लक्षित वर्गको पहिचान गरी सञ्चालन गर्ने परिपाटीको विकास गरिएको छ ।

१६. गाउँपालिकाको पहलमा हालसम्म सडक कालोपत्रे २.५ कि.मि., ३.५ कि. मी. ढलान सडक, सडक ग्राभेल ७.५ कि.मी निर्माण सम्पन्न भैसकेको छ। सबै वडा कार्यालयहरुका प्रशासनिक भवनहरु निर्माण कार्य लगभग अन्तिम चरणमा रही आफ्नै भवनहरुबाट कार्य संचालन भइरहेको छ।

१७. सामाजिक सुरक्षा तर्फ वडामै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण, एकल पुरुष लक्षित कार्यक्रम, द्वन्द्व एवं हिंसा प्रभावित महिलाको विवरण संकलन, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सम्पन्न गरिएको छ।

सभाध्यक्ष महोदय,

अब म आ.व.२०८३/८४ को आय र व्ययको अनुमान प्रस्तुत गर्दछु ।

आय अनुमान

| क.स. | स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघ सशर्त तर्फको अनुदान | २१,५२,००,०००।- | २१ करोड ५२ लाख |
| २ | संघ समानीकरण अनुदान | ७,७०,००,०००।- | ७ करोड ७० लाख |
| ३ | संघ विशेष अनुदान | ४५,००,०००/- | ४५ लाख |
| ४ | संघ समपूरक अनुदान | २,०७,००,०००।- | २ करोड ७ लाख |
| ५ | संघ राजश्व बाँडफाँट | ७,१९,२१,०००।- | ७ करोड १९ लाख २१ हजार |
| ६ | प्रदेश समानीकरण अनुदान | ९२,६३,०००।- | ९२ लाख ६३ हजार |
| ७ | प्रदेश विशेष अनुदान | ३९,९५,०००।- | ३९ लाख ९५ हजार |
| ८ | प्रदेश समपूरक अनुदान | ६०,००,०००।- | ६० लाख |
| ९ | प्रदेश राजश्व बाँडफाँट | ६८,९५,७०३.५।- | ६८ लाख ९५ हजार ७ सय ३ रुपैया ५० पैसा |

| | | | |
|---|---|---|---|
| १० | बैंक मौज्दात | ७,५०,००,०००।- | ७ करोड ५० लाख |
| ११ | आन्तरिक आम्दानी | २,००,००,०००।- | २ करोड |
| जम्मा अनुमान | | ५१,०४,७४,७०३.५।- | ५१ करोड ४ लाख ७४ हजार ७ सय ३ रुपैया ५० पैसा |
| कुल जम्मा बजेट | | ५१,०४,७४,७०३.५।- | ५१ करोड ४ लाख ७४ हजार ७ सय ३ रुपैया ५० पैसा |

व्यय अनुमान

| क्र.स. | स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघ सशर्त तर्फको अनुदान | २१,५२,००,०००।- | २१ करोड ५२ लाख |
| २ | संघ विशेष अनुदान | ४५,००,०००/- | ४५ लाख |
| ३ | संघ समपूरक अनुदान | २,०७,००,०००।- | २ करोड ७ लाख |
| ४ | प्रदेश विशेष अनुदान | ३९,९५,०००।- | ३९ लाख ९५ हजार |
| ५ | प्रदेश समपूरक अनुदान | ६०,००,०००।- | ६० लाख |
| ६ | वडा तर्फको जम्मा | २,३७,५०,००० ।- | २ करोड ३७ लाख ५० हजार |
| ७ | संघ समपूरक पालिका तर्फ | २,०७,००,०००।- | २ करोड ७ लाख |
| ४ | प्रदेश समपूरक पालिका तर्फ | ६०,००,०००।- | ६० लाख |
| ९ | गत आ.व.का बाँकी दायित्व | १५,००,००० ।- | १५ लाख |
| ८ | कार्यालय प्रशासनिक | १०,०५,००,०००।- | १० करोड ५ लाख |



CamScanner

| | | | |
|---|---|---|---|
| ९ | गाउँपालिका स्तरीय/शाखागत | १०७६२९७०३.५ ।- | १० करोड ७६ लाख २९ हजार ७ सय ३ रुपैया ५ पैसा |
| | जम्मा व्यय अनुमान | ५१,०४,७४,७०३.५।- | ५१ करोड ४ लाख ७४ हजार ७ सय ३ रुपैया ५० पैसा |

**सभाध्यक्ष महोदय,**

अव म बौदीकाली गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८३ प्रस्तुत गर्दछु ।

## आगामी आ.व २०८३/०८४ को लागि आर्थिक विधेयक

### बौदीकाली गाउँपालिकाको आर्थिक विधेयक, २०८३

### बौदीकाली गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) वमोजिम बौदीकाली गाउँपालिकाको राजश्व परामर्श समितिले यो विधेयकको मस्यौदा बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "आर्थिक विधेयक, २०८३" रहेको छ ।

(२) यो विधेयक २०८३ साल श्रावण १ गतेदेखि बौदीकाली गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१), अनुसूची (२), अनुसूची (३), र अनुसूची (४) बमोजिम कुनै व्यक्ति वा संस्थाको एकीकृत रूपमा मूल्याङ्कन गरिएको सम्पत्ती (जग्गा, घर तथा अन्य) मा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूची (५) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।



CamScanner

४. **वहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (६) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (७) बमोजिम व्यवसाय कर र नविकरण शुल्क लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (८) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर**: गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (९) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (१०) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (११) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (१२) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची (१३) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुर**: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१३) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **जरिवाना शुल्क तथा व्याज हर्जनाः** गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र अनुसूची (१४) बमोजिम कार्य गरेमा जरिवाना शुल्क तथा व्याज हर्जना लगाउन सक्ने छ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम बौदीकाली गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन पाउने कर, गैरकर राजश्व तथा सेवा शुल्क क्षेत्र देहाय बमोजिम रहेको छ ।

| | | |
|---|---|---|
| ११३१३ | सम्पती कर | कुनै व्यक्ति वा संस्थाको एकीकृत रूपमा मूल्याङ्कन गरिएको सम्पत्ती (जग्गा, घर तथा अन्य) मा लाग्ने कर यसमा पर्दछन् । |
| ११३१४ | भुमिकर/मालपोत | भूमिको स्वामित्व बापत नियमित रूपमा तिर्नुपर्ने कर यसमा पर्दछ । |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | बाँडफाँड भइ आउने घरजग्गा रजिष्ट्रेशन दस्तुर यसमा पर्दछ। |
| ११३१६ | अन्य अचल सम्पत्तीमा लाग्ने अन्य कर | अन्य अचल सम्पत्तीमा लाग्ने अन्य कर |
| ११३१७ | वहाल कर | स्थानीय तहको क्षेत्रभित्र रहेका स्थायी संरचनाहरू (जस्तै घर, गोदाम, कम्प्लेस आदि) र जग्गा भाडामा लगाउदा प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ । |



CamScanner

| | | |
|---|---|---|
| ११३१८ | बहाल बिटौरी कर | स्थानीय तहको क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरीको बहालमा लगाउदा संकलन गरिने बहाल करको रकम, तथा स्थानीय तहले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा थाप्न दिएका अस्थायी पसलहरूबाट संकलन गरिने बहाल बिटौरी कर रकम यसमा पर्दछ । |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट बाँडफाँड भई प्राप्त भएको मूल्य अभिवृद्धि करको रकम यसमा पर्दछ । |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट बाँडफाँड भई प्राप्त भएको अन्तःशुल्कको रकम यसमा पर्दछ । |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | टाङ्गा, रिक्सा, अटो रिक्सा र ई रिक्सा जस्ता सवारी साधनमा लाग्ने कर यसमा पर्दछ । |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | लोकमार्ग तथा शहरी सडक एवं तोकिएका अन्य पूर्वाधार सेवाको उपयोग गरे बापत तोकिए बमोजिम लाग्ने कर यसमा पर्दछ । यसमा पूर्वाधार मर्मत तथा सम्भार प्रयोजनका लागि उठाइने शुल्क समेत समावेश हुन्छ । |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | प्रदेश सरकार र स्थानीय तह बीच बाँडफाँट भई सम्बन्धित सञ्चित कोषमा दाखिला हुने सवारी साधन करको रकम यसमा समावेश गरिन्छ । |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | प्रदेश सरकार र स्थानीय तह बीच बाँडफाँड भई सम्बन्धित सञ्चित कोषमा दाखिला हुने मनोरञ्जन करको रकम यसमा समावेश गरिन्छ। |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | प्रदेश सरकार र स्थानीय तह बीच बाँडफाँड भई सम्बन्धित सञ्चित कोषमा दाखिला हुने विज्ञापन करको रकम यसमा समावेश गरिन्छ। |
| ११४७९ | अन्य मनोरञ्जन कर | बाँडफाँड नहुने मनोरञ्जन कर यसमा समावेश गरिन्छ। |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | माथि उल्लेखित करका आधारहरू बाहेक अन्य आधारहरूमा व्यवसायमा लगाइने कर राजस्व यसमा पर्दछ । |
| ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | माथि उल्लेखित करका आधारहरू बाहेक अन्य आधारहरूमा व्यवसायी बाहेकलाई लगाइने करराजस्व यसमा पर्दछ । |
| ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक | कृषितथा पशुपंक्षीमा आधारित व्यावसायिक कारोबारको अनुमती तथा त्यस्तो व्यावसायिक कारोबारमा लाग्ने कर यसमा पर्दछ । |

| | | |
|---|---|---|
| | कारोवारमा लाग्ने कर | |
| ११६३२ | अखेटोपहारमा लाग्ने कर | कानुनले निषेध गरेका बाहेक मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छाला आदिको कारोवारमा लाग्ने कर यसमा पर्दछ । |
| ११६९१ | अन्य कर | माथि अरू शीर्षकमा नपरेका करहरू यसमा समावेश हुन्छन् । |
| १४१११ | वित्तीय निकायबाट प्राप्त ब्याज | बैंकतथा वित्तीय प्रतिष्ठानमा गरिएको ऋण लगानीबाट प्राप्त ब्याज रकम यसमा पर्दछ । |
| १४११२ | व्यापारिक निकायबाट प्राप्त ब्याज | व्यापारिक प्रतिष्ठानमा गरिएको ऋण लगानीबाट प्राप्त ब्याज रकम यसमा पर्दछ । |
| १४११३ | औद्योगिक निकायबाट प्राप्त ब्याज | औद्योगिक प्रतिष्ठानमा गरिएको ऋण लगानीबाट प्राप्त ब्याज रकम यसमा पर्दछ । |
| १४११४ | सेवामुलक निकायबाट प्राप्त ब्याज | सेवामूलक प्रतिष्ठानमा गरिएको ऋण लगानीबाट प्राप्त ब्याज रकम यसमा पर्दछ । |
| १४११९ | अन्य निकायबाट प्राप्त ब्याज | माथि नपरेका अन्य प्रतिष्ठानमा गरिएको ऋण लगानीबाट प्राप्त ब्याज रकम यसमा पर्दछ । |
| १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | बैंक तथा वित्तीय प्रतिष्ठानबाट प्राप्त लाभांश यसमा पर्दछ । |
| १४१२२ | व्यापारिक निकायबाट प्राप्त लाभांश | व्यापारिक प्रतिष्ठानबाट प्राप्त लाभांश रकम यसमा पर्दछ । |
| १४१२३ | औद्योगिक निकायबाट प्राप्त लाभांश | औद्योगिक प्रतिष्ठानबाट प्राप्त लाभांश रकम यसमा पर्दछ । |
| १४१२४ | सेवामुलक निकायबाट प्राप्त लाभांश | सेवामूलक प्रतिष्ठानबाट प्राप्त लाभांश रकम यसमा पर्दछ । |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | माथि नपरेका अन्य प्रतिष्ठानबाट प्राप्त लाभांश रकम यसमा पर्दछ । |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | सरकारी सम्पत्ति बहालमा दिएबापत प्राप्त हुने आय यसमा पर्दछ । जस्तै : सरकारी जग्गा, भवन तथा अन्य सम्पत्ति वहाल, कोठा तथा भोजनालय (रेष्टुराँ) वहाल, मेच, पाल, त्रिपाल, हवाईजहाज, वग्गी, वैण्डवाजा, इन्जिन, रोलर, वुलडोजर, ट्याक्टर समेतका सरकारी सम्पत्ति प्रयोग गरे बापत प्राप्त हुने भाडा तथा सेवा शुल्क यसमा पर्दछ । |

| | | |
|---|---|---|
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | बाँडफाँड भई प्राप्त वन क्षेत्रको रोयल्टीयसमा पर्दछ। |
| १४१५४ | बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी यसमा पर्दछ। |
| १४१५५ | बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी यसमा पर्दछ । |
| १४१५६ | बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी यसमा पर्दछ । |
| १४१५६ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तर शुल्क यसमा पर्दछ। |
| १४१५८ | बाँडफाँड भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | बाँडफाँड भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी यसमा पर्दछ । |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | माथिउल्लेखित बाहेकका अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी आय यसमा पर्दछ । |
| १४१९१ | पर्यटन शुल्क | वन्यजन्तु आरक्ष र निकुञ्ज संरक्षण क्षेत्रको प्रवेश शुल्क यसमा पर्दछ । |
| १४१९२ | पदयात्रा शुल्क | पदयात्रा (ट्रेकिङ्ग) इजाजत वापत प्राप्त हुने शुल्क रकम यसमा समावेश गर्नु पर्दछ। |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ११६३१ र ११६३२ मा समावेश हुने बाहेक अन्य (आँफैले उत्पादन गरेका माछा (भुरा तथा खाने) बिक्री तथा लिलाम, पोखरी र खोलामा माछा मार्ने जाल हाल्ने दस्तुर, खोला—पोखरीमा माछा मार्ने ठेक्का, घाँस बिक्री, कुखुराको फुल तथा चल्ला बिक्री, सुंगुर तथा सुंगुरको वच्चा बिक्री, दूध, घ्यू तथा अन्य दुग्धजन्य पदार्थको बिक्री, फलफूल बिक्री, एण्टीरेविज भ्याक्सिन बिक्री, टोकरी प्याकिङ्ग दस्तुर, ऊन तथा हाडखुर बिक्री, फलफूल तथा फुलफूलको बोट बिरूवा बिक्री, बीउ बिजन तथा बेर्ना बिक्री, तरकारी तथा सागपात बिक्री, धान, मकै, गहुं तथा अन्य खाद्यान्न बिक्री, जाम—जेली, अचार, तितौरा जस्ता) आँफैले उत्पादन गरेका सामान बिक्री गरी प्राप्त हुने रकम यसमा पर्दछ । |

| | | |
|---|---|---|
| १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | टुटेफुटेका मेशिनरी सामान बिक्री, सवारी साधन लिलाम बिक्री, पूराना मालसामान बिक्री तथा अन्य सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम यसमा पर्दछ । |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | सरकारको छापाखानाको छपाई दस्तुर, नेपाल राजपत्र एवं सरकारद्वारा प्रकाशित पुस्तक पुस्तिकाको बिक्री तथा लिलामबाट प्राप्त रकम, अभिलेख (रेकर्ड) बिक्रीका साथै मुद्रा तथा नापतौलको सामानः ढक, तराजु समेतको प्रमाणित दस्तुर, नवीकरण दस्तुर र टक्सारको अन्य आय, नक्सा प्रिन्ट बिक्री, औषधि बिक्री तथा अन्य मालसामान बिक्रीबाट प्राप्त रकम समेत यसैमा पर्दछ । |
| १४२१६ | निजी धारा वापतको शुल्क | निजीधारा राखे वापत लाग्ने शुल्क तथा महसुल, कालीगढ दस्तुर र सो सम्बन्धी दण्ड, जरिवाना समेतको रकम यसमा पर्दछ । |
| १४२१७ | नहर तथा कुलो उपयोग वापतको शुल्क | जग्गा जमीनको सिंचाइको लागि नहर तथा कुलोको उपयोग गरे वापत तोकिए बमोजिम प्राप्त शुल्क यसमा पर्दछ । |
| १४२१८ | विद्युत सेवा शुल्क | विद्युतसेवा उपभोग वापत्को महसुल, थप दस्तुर, मिटर जाँच समेतको सेवा दस्तुर, कलेक्सन चार्ज, नामसारी एवं ठाउँसारी दस्तुर यसमा पर्दछ । |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १४२११देखि १४२१८ सम्मका शीर्षकमा नपरेका सरकारले उपलब्ध गराउने सरसफाइ तथा ढल निकासको सुविधा, पर्यटकीय क्षेत्र, र बनभोज स्थल, पार्क, भ्यूटावर जस्ता क्षेत्रको उपयोग तथा सो मा लाग्ने प्रवेश शुल्क जस्ता क्षेत्रमा लगाइने शुल्क तथा दस्तुरको रकमका साथै सम्बन्धित सरकारले आफ्नो क्षेत्रभित्रका स्थानीय प्राकृतिक स्रोतको बिक्रि गर्दा प्राप्त रकम समेत यसमा पर्दछ । |
| १४२२१ | न्यायिक दस्तूर | कोर्टफी, बक्सौनी, दशौंद, विशौंद नक्कल दस्तुर, समाव्हान् एवं इतलायनामा दस्तुर, सूद, लिफा दस्तुर, टिकट दस्तुर, पुनरावेदन एवं प्रतिउत्तर पत्र दस्तुर, बकालत सम्बन्धी इजाजतपत्र दस्तुर र न्याय सम्बन्धी अन्य राजस्व आम्दानी यसमा पर्दछ । |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ११४४२ र ११४४४ ले समेटेका विषयहरू बाहेक शिक्षण शुल्क (ट्यूशन फी), प्रवेश शुल्क, प्रवेशिका परीक्षा दस्तुर, लब्धाङ्क पत्र (मार्कसिट) तथा प्रमाणपत्र दस्तुर, संग्रहालय (म्यूजियम) प्रवेश दस्तुर, पाठ्यक्रम, पुस्तक, पत्रिका समेतको बिक्रीबाट प्राप्त रकम र शिक्षा क्षेत्रको अन्य आम्दानी यसमा पर्दछ । |



CamScanner

| | | |
|---|---|---|
| १४२२४ | परीक्षा शुल्क | लोकसेवा आयोग लगायत विभिन्न सरकारी निकायले लिने परीक्षा दस्तुर, अन्तर्वार्ता दस्तुर, दरखास्त दस्तुर र पाठ्यक्रम बिक्रीबाट प्राप्त रकम यसमा पर्दछ । |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | १४२५६, ११४५१ देखि ११४५४ सम्म परेका विषयहरू बाहेक हवाइजहाज अवतरण दस्तुर, आश्रय दस्तुर, कुनै सडक राजमार्गमा आवत जावतको लागि इजाजत दिए बापत प्राप्त रोड परमिट, जल तथा अन्य यातायातसँग सम्बन्धित आय र शूल्क यसमा पर्दछ । |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | बिभिन्न मन्त्रालय, विभाग तथा कार्यालयले लिने टिकट बापत्‌को रकम, बोलपत्र फाराम बिक्रीको रकम, निवेदन दस्तुर, नो अवजेक्शन सर्टिफिकेट दस्तुर, व्यवसायिक प्रमाणपत्र जारी तथा नवीकरण दस्तुर बापत प्राप्त रकम यसमा पर्दछ । |
| १४२४१ | पार्किङ्ग शुल्क | स्थानीय तहद्वारा स्थानीय रूपमा उठाइने पार्किङ्ग शुल्क यसमा पर्दछ । |
| १४२४२ | नक्सापास दस्तुर | स्थानीय तहद्वारा नक्सापास बापत उठाएको दस्तुर यसमा पर्दछ । |
| १४२४३ | सिफारिश दस्तुर | स्थानीय तहद्वारा सिफारिश गरे बापत उठाएको दस्तुर यसमा पर्दछ । |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | स्थानीय तहद्वारा व्यक्तिगत घटना दर्ता गरे बापत उठाएको दस्तुर यसमा पर्दछ । |
| १४२४५ | नाता प्रमाणित दस्तुर | स्थानीय तहद्वारा नाता प्रमाणित गरे बापत उठाएको दस्तुर यसमा पर्दछ । |
| १४२४९ | अन्य दस्तुर | माथि उल्लेखित बाहेकका अन्य दस्तुर यसमा पर्दछन् । |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | कम्पनी तथा एजेन्सी रजिष्ट्रेसन बाहेक अन्य साना तथा मझौला व्यवसाय रजिष्ट्रेसन तथा त्यसको नवीकरण गरे बापतको दस्तूर का साथै आफ्ना क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारको आधारमा लगाउने व्यवसायीक कर यसमा पर्दछ। |
| १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | रेडियो / एफ.एम सञ्चालनका लागि अनुमति पत्र तथा सो को नवीकरण दस्तुर र सो सँग सम्वन्धित अन्य दस्तुरहरू यसमा पर्दछन । |
| १४२६२ | विद्युत सम्वन्धी दस्तुर | विद्युत रोयल्टी बाहेक विद्युत् उत्पादन शुल्क, विद्युत उत्पादन इजाजत–पत्र दस्तुर र नवीकरण दस्तुर जस्ता विद्युत उत्पादन हुनु अगाडी लिइने दस्तुरहरु यसमा पर्दछ। |
| १४२६३ | जलस्रोत सम्वन्धी अन्य दस्तुर | जलस्रोत रोयल्टी बाहेक जलश्रोत सम्बन्धी अन्य शुल्क तथा दस्तुरहरु यसमा पर्दछ। |

| | | |
|---|---|---|
| १४२६५ | अन्य क्षेत्रको आय | प्राकृतिक श्रोत मध्ये रोयल्टी र माथि उल्लेखित श्रोतमा लाग्ने शुल्क तथा दस्तुर बाहेक अन्य आम्दानी यसमा पर्दछ । |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | अदालतको निर्णयबाट लिइएका दण्ड, जरिवाना र जफत बापत्को रकम यसमा जम्मा गर्नु पर्दछ । |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | सबै प्रकारको ठेकाको धरौटी (अर्नेष्ट मनी) जफत, निर्माण र अन्य कामको ठेका पट्टामा ठेकेदारहरूलाई गरिएको दण्ड, जरिवाना, ठेकेदारहरूसँग बाँकी रहेको रकमको ब्याज र सम्वन्धित शीर्षकमा लेखिए बाहेक अन्य प्रशासनिक दण्ड जरिवाना र जफतबाट प्राप्त रकम यसमा पर्दछ । |
| १४३१३ | धरौटी सदरस्याहा | विभिन्न निकायमा धरौटी बापत जम्मा भएको रकम धरौटीको प्रयोजन समाप्त भएपछि कानूनले तोकेको अवधीसम्म फिर्ता नलिएमा कानुन बमोजिम सदरस्याहा भएको रकम यसमा जम्मा गर्नु पर्दछ । तर कारवाही स्वरुप जफत वा सदरस्याहा गरिएको वा राजश्व असुली बापत सदरस्याहा गरिएको रकम सम्वन्धित शिर्षकमानै जम्मा गर्नुपर्दछ। |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | प्रदुषण नियन्त्रण प्रयोजनका लागि संकलन गरिने शुल्क यसमा समावेश गरिनेछ । |
| १४५२९ | अन्य राजस्व | माथिका सम्पूर्ण शीर्षक तथा उपशीर्षकहरूमा नपरेका अन्य रकमहरू यसमा पर्दछ । |
| १४५३१ | सरकारी घर, जग्गा, गुडवील विक्रीबाट प्राप्त रकम | सरकारी घर, जग्गा, गुडवील र सरकारी प्रतिष्ठान विक्रिबाट प्राप्त आय यसमा पर्दछ । |
| १४६११ | व्यवसाय कर | व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारको आधारमा दर्ता नवीकरण र खारेजी गर्दा लगाउने व्यवसायीक कर यसमा पर्दछ । |
| १५१११ | बेरूजू | लेखा परीक्षणबाट कायम भएको बेरूजू (राजश्व बाहेकको) रकम असुल हुँदा प्राप्त रकम यसमा पर्दछ। तर राजश्व बापतको बेरूजू सम्वन्धित राजश्व शिर्षकमा नै जम्मा गर्नु पर्दछ। |
| १५११२ | निकासा फिर्ता | गत आर्थिक वर्षमा निकासा भएको रकम खर्च हुन नसकी फिर्ता भएको रकम यसमा समावेश गरिन्छ। जस्तै पेश्की फिर्ता, नियोगको निकासा फिर्ता, नगदी कोष बाट फिर्ता भएको रकम आदि। |
| १५११३ | अनुदान फिर्ता | गत आर्थिक वर्षमा निकासा भएको अनुदान रकम खर्च हुन नसकी वा अन्य कारणले फिर्ता भएको रकम यसमा समावेश गरिन्छ । |
| ३२१२१ | नगद | नगद मौज्दातको विवरण यस शिर्षकमा समावेश गरिन्छ। |
| ३२१२२ | बैंक मौज्दात | बैंक मौज्दातको विवरण यस शिर्षकमा समावेश गरिन्छ। |

| | | |
|---|---|---|
| ३३३४२ | मनोरञ्जन कर | चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदशर्न स्थल, कन्सर्ट, नाटयशाला, फन पार्क, मेला, उद्यान, खेलकूद, वनभोज स्थल जस्ता मनोरञ्जन स्थलमा लाग्ने मनोरञ्जन कर बापतको रकम यसमा समावेश हुन्छ। |
| ३३३४३ | विज्ञापन कर | होर्डिङ्ग बोर्ड, साईन बोर्ड, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, विद्युतीय माध्यमबाट प्रकाशन र प्रशारण गरिने विज्ञापन, डिजिटल बोर्ड जस्ता विज्ञापन सामाग्रीमा लाग्ने विज्ञापन कर बापतको रकम यसमा समावेश हुन्छ । |
| ३३३४४ | घरजग्गा रजिष्ट्रेशन शुल्क | घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन पास गर्दा लाग्ने घरजग्गा रजिष्ट्रेशन शुल्क यसमा समावेश हुन्छ । |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर र बहत्तरको संकलन बिक्रीमा लाग्ने शुल्क बापतको रकम यसमा पर्दछ। |
| ३३३९१ | अन्य बाँडफाँड हुने राजश्व संकलन | माथि उल्लेख भएका शीर्षकहरू बाहेक सरकारका तहहरूबीच बाँडफाँड हुने गरी प्राप्त हुने अन्य प्रकारका दस्तुर, शुल्क, राजश्व आदि यसमा समावेश हुन्छन् । |



CamScanner

**१) राजश्व प्रासिका नीतिहरुः**

- करको दर समसामयिक बनाई करको दायरा बिस्तार गरिनेछ ।
- सम्पुर्ण बक्यौता रकम तिर्न बाँकी कृषक तथा व्यवसायीहरुलाई जरिवाना छुट गरि करको दायरामा ल्याउने नितिलाई प्रभावकारीताका साथ लागु गरिनेछ ।
- करदातालाई अनलाईन प्रविधिको प्रयोग गरि प्रविधिमैत्री सहज वातावरणको निर्माण गरि हरेक नागरिकको सहज पहुँचमा कर तिर्न मिल्ने व्यवस्था मिलाईने छ ।
- राज्यले लिएको स्वयम् कर निर्धारण तथा स्वच्छिक कर सहभागिता सम्वन्धी नीतिमा जोड दिईनेछ ।
- कर लगाउँदा वातावरणीय तथा पर्यावरणीय संरक्षण तर्फ उचित ध्यान दिइनेछ ।
- सम्भाव्य करको क्षेत्र पहिचान गरी कर संकलनको लागी आवश्यक भौतिक पूर्वाधारको विकासमा जोड दिइनेछ ।
- स्थानीय वासिन्दामा कर हाम्रै लागि हो भन्ने भावनाको जागृत गराई तदनुरुप सबै क्षेत्रमा सेवा सुविधाहरु समानरुपमा उपलब्ध गराउने तर्फ विशेष पहल गरिनेछ ।
- आन्तरिक आय उठेको आधारमा रकम विनियोजन गरी जुन क्षेत्रमा रकम प्राप्त भएको छ सोहि आधारमा सोहि क्षेत्रको विकासमा प्राथमिकता दिईनेछ ।
- राजश्वको पहिचान र संभाव्यता अध्ययनका लागि स्थानीय राजश्व परामर्श समितिलाई वढि क्रियाशिल गराईने निति लिईनेछ ।
- राजश्व संकलनका सन्दर्भमा आवश्यकता अनुसार स्थानिय प्रशासन, सुरक्षा निकाय तथा विषयगत कार्यालयहरु समेतको सहयोग लिईने नीति अवलम्वन गरिनेछ ।
- आन्तरिक राजस्व कार्यालयको PAN प्रणालीसँग स्थानीय तहको करदाता प्रणालीलाई आवद्ध (Incorporate) गरिनेछ। यसले गर्दा व्यवसाय दर्ता, नवीकरण र कर संकलनमा दोहोरोपन हट्नेछ र कर छली रोकिनेछ।
- आन्तरिक राजस्व कार्यालयको PAN सम्वन्धी सम्पुर्ण सेवा गाउँपालिका वाट उपलब्ध गराईने छ ।

२) राजश्व प्रशासन सुधार तर्फ

बौदीकाली गाउँपालिकाको राजश्व प्रशासन सुधार गर्ने तर्फ देहाय बमोजिम नीतिहरु अवलम्बन गरिनेछ ।

- ❖ राजश्व शाखाको सवलिकरण र सुदृढीकरण गरिदै लगिनेछ ।
- ❖ राजश्व संकलनलाई मितव्ययि एवं प्रगतिशिल बनाईनेछ ।
- ❖ राजश्व परामर्श समितिलाई सुदृढ र सक्षम बनाउन आवश्यकता अनुसार अभिमुखिकरण कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ।
- ❖ राजश्व शाखा र कर्मचारीको छुट्टै व्यवस्था गरी राजश्व शाखालाई साधन श्रोत सम्पन्न बनाई राजश्व असुलि कार्यलाई थप प्रभाव्रकारी र व्यवस्थित गरिदै लगिनेछ ।
- ❖ गाउँपालिकाको राजश्व संकलन कार्यलाई सुत्र प्रणालीबाट गरिदै आएकोमा यसबर्षमा पनि निरन्तरता दिईनेछ ।
- ❖ सेवाग्राहीहरुले आफ्नै घर घरमा बसी अनलाइन सिस्टम मार्फत राजस्व कर तथा सेवा शुल्क भुक्तानी गर्ने प्रणालीको विकास गरिदै लगिनेछ ।

३) राजश्व छुट र मिनाहा सम्बन्धि नीति

बौदीकाली गाउँपालिकामा राजश्व छुट तथा मिनाहा गर्ने सम्बन्धमा देहाय बमोजिम नीति अवलम्बन गरिनेछ ।

- ❖ विपन्नता तथा कावु वाहिरको परिस्थिति परि राजश्व छुट दिनु पर्ने अथवा मिनाहा गर्नु पर्ने अवस्था भएमा तत्कालिन अवस्थालाई मध्येनजर गरि निश्चित मापदण्ड अपनाई गाउँपालिकाको निर्णयानुसार गरिनेछ ।
- ❖ आर्थिक अवस्था कमजोर, सामाजिक सुरक्षा भत्ता, छात्रवृत्ति र गाउँपालिकामा संञ्चालित योजनाहरुका उपभोक्ता समितिहरुलाई गरिएको सिफारिसहरुमा राजश्व छुट दिइनेछ । वडाहरुबाट गरिएका सिफारिस गाउँपालिकाबाट पनि गर्नुपरेमा एकतर्फ मात्र राजश्व संकलन गरिनेछ ।
- ❖ गर्भवती र सुत्केरी महिलाहरुलाई स्वास्थसँग सम्बन्धित स उपचार/परिक्षण निशुल्क गरिनेछ।
- ❖ बौदीकाली गाउँपालिका भित्र संचालनमा रहेका तथा संचालन हुने अपाङ्गता सम्बन्धि सम्पुर्ण समुहहरुलाई निशुल्क दर्ता तथा नविकरणको व्यवस्था मिलाईनेछ ।



CamScanner

४) अन्य नीतिहरु

- आन्तरिक आय असुलि सम्बन्धी कुनै विवाद आईपरेमा वा देखिएमा तत्काल समस्या समाधानका लागि राजश्व परामर्श समितिलाई प्रभावकारी रुपमा क्रियाशिल गराईनेछ ।
- गाउँपालिकाको राजश्वको वृद्धिको लागी राजश्वको खोज, सम्भाव्य पहिचान, अनुसन्धान तथा परिचालनमा राजश्व परामर्श समितिलाई थप क्रियाशिल बनाईनेछ ।
- राजश्व वृद्धिमा योगदान पुराउने क्षेत्रको समग्र विकासमा थप प्रभावकारी कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- अनधिकृत रुपमा नदि खोलामा पसि नदिजन्य पदार्थको चोरि निकासीमा संलग्न व्यक्ति वा संस्था उपर शुन्य सहनशिलताको सद्धान्त अपनाई कडा कारवाहि गरिने लिईनेछ ।
- राजश्वको दायरालाई विस्तार गर्नका लागि एक आ.वमा गाउँपालिका भित्रका पसल व्यवसायहरुको कम्तिमा चार पटक वजार अनुगमन गरिनेछ।
- राजश्वको क्षेत्र विस्तार गर्न गाउँपालिका भित्र संचालनमा रहेका सवै व्यापार व्यवसायलाई करको दायरामा ल्याईने छ ।

अनुसूची १

सम्पति कर.प्रयोजनको लागी भवन र जग्गाको मूल्यांकन करको दर देहाय बमोजिम कायम गरिने छ ।

| क.स | भवन र जग्गाको मूल्य | आ.ब. २०८३/०८४को दर प्रतिशत |
|---|---|---|
| १ | रु.पाँच लाख सम्मको मूल्यांकनमा | ०.०१०% |
| २ | रु.पाँच लाख देखि विस लाख सम्मको मूल्यांकनमा | ०.०१५% |
| ३ | रु.विस लाख देखि पचास लाख सम्मको मूल्यांकनमा | ०.०२०% |
| ४ | रु.पचास लाख देखि एक करोड सम्मको मूल्यांकनमा | ०.०४०% |
| ५ | रु. १ करोड देखि २ करोड सम्मको मूल्यांकनमा | ०.०५०% |



CamScanner

| | | |
|---|---|---|
| ६ | रु.२ करोड देखी ३ करोड सम्मको मूल्याकंनमा | ०.१००% |
| ७ | रु.३ करोड देखी ४ करोड सम्मको मूल्याकंनमा | ०.३००% |
| ८ | रु.४ करोड भन्दा माथि जतिसुकै मूल्याकंनमा | ०.४५० % |

## अनुसूची २

घर तथा भौतिक संरचनाको बनौटको आधारमा मूल्याकंन दररेट देहाय बमोजिम कायम गरिएको छ ।

| क.स | भवनको प्रकार बनौट | आ.व. २०८३/०८४भवनको मूल्याकंन (प्रति (वर्ग फिट रु.) |
|---|---|---|
| १ | पक्कि घर (आर.सि.सि) फ्रेम स्ट्रक्चर भवनको मूल्याकंन दर | २०००। |
| २ | भित्र बाहिर पाको ईटा, ब्लक वा ढुंगा माटोको जोडाइ भएको कच्चि घर | १ तले घरको रु.५०। र सो भन्दा बढि तला भएको रु.७५। |
| ३ | भित्र बाहिर पाको ईटा, ब्लक वा ढुंगामा सिमेण्टको जोडाइ भएको जस्तापाताले छाएको घर | १८००। |
| ४ | प्रिफायल भवन, ब्लक वा ढुंगाको गारो भएको गोदाम भवन | १५००। |
| ५ | स्टिल स्ट्रक्चर (ट्रस) भवन | १९००। |

**नोटः** माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा बनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।



CamScanner

## अनुसूची ३

### भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

भवनको बनौट र सो मा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straight Line Method ) अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गरिनेछ ।

| क.स | भवनको प्रकार /बनौट | आ.व.२०८३/०८४को लागि वार्षिक ह्रास | आ.व.२०८३/०८४ लागि ह्रासकट्टी अवधि |
|---|---|---|---|
| १ | भित्र बाहिर पाको ईटा, ब्लक वा ढुङ्गा माटोको जोडाइ भएको कच्चि घर | २% | ३५वर्ष |
| २ | प्रिफायल भवन, ब्लक वा ढुंगाको गारो भएको गोदाम भवन | ३% | २५ वर्ष |
| ३ | भित्र बाहिर पाको ईटा, ब्लक वा ढुङ्गामा सिमेण्टको जोडाइ भएको जस्तापाताले छाएको घर | १.५% | ५० वर्ष |
| ४ | स्टिल स्ट्रक्चर (ट्रस )भवन | २% | ३५ वर्ष |
| ५ | (आर.सि.सि) फ्रेम स्ट्रक्चर भवन | १% | ७५ वर्ष |

## अनुसूची ४

### जग्गाको मुल्याङ्कन



CamScanner

सम्पती करको प्रयोजनको लागि जग्गाको मुल्याङ्कन तर्फ मुल्याङ्कित दररेट आर्थिक वर्ष २०८३/०८४ को मालपोत कार्यालय नवलपरासी(ब.सु.पु) ले जारी गरेको जिल्ला दररेट बमोजिम कायम गरिनेछ ।

## अनुसूची ५

## मालपोत कर

१. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी माथी | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ८ | ६ |

२. डुबान क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी माथी | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ८ | ६ |

३. भू-उपयोग क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी माथी | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ८ | ६ |

४. वन क्षेत्र



CamScanner

| जगगाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी माथी | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | पति रोपनी | ८ | ६ |

५. आवासीय क्षेत्र

| जगगाको क्षेत्रफल | ईकाइ | खेत | पाखो जग्गा |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३५ | २५ |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ७ | ५ |
| ११ रोपनी देखि २० रोपनी माथी | प्रतिरोपनी | ८ | ६ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ९ | ७ |

६. व्यवसायीक क्षेत्र

| जगगाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ५० | ४० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ९ | ७ |
| ११ रोपनी देखि २० रोपनी माथी | प्रतिरोपनी | १० | ८ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ११ | ९ |

७. सार्वजनिक उपयोग क्षेत्र

| जगगाको क्षेत्रफल | ईकाइ | खेत | पाखो जग्गा |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
